का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १५१
- २१ साउन २०७७, बुधबार
- 5 August 2020, Wednesday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: मंगलबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | २१००९ जना | १५०२६ जना | ४०६५९४ जना | ५९२५ जना | ५८ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ८५ लाख १० हजार | १ करोड १७ लाख १८ हजार | ६ लाख ९८ हजार | ६० लाख ९२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम



*पोखरा महानगरपालिका-१८ सराङकोटबाट मंगलबार बिहान मौसम खुलेपछि देखिएको माछापुच्छ्रे हिमाल । तस्बिरः राधिका कँडेल/रासस*

## लकडाउनबारे छलफल

# 'महामारीको संकट नबुझ्नेहरू नेकपामै छन्'

फेरि लकडाउन गर्ने वा नगर्नेबारे छलफल गर्न विषय विज्ञहरूलाई बालुवाटार बोलाएका प्रधानमन्त्री केपी शर्मा ओली आफ्नै पार्टीका नेताहरूसँग आक्रोशित देखिएका थिए । प्रधानन्त्री ओलीले केन्द्रीय कमिटी बैठकको माग गर्नेहरूले महामारीको गम्भीरता नबुझेको आरोप लगाए ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले लकडाउन फेरि गर्ने वा नगर्नेबारे विषय विज्ञहरुसँग छलफल गरेका छन् । विपक्षी दलहरु नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र जनता समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरलाई समेत बोलाइएको छलफलमा प्रधानमन्त्री ओलीले भने आफ्नो कुरा धेरै राखेका थिए । विज्ञहरुलाई महामारीबारे आफैं व्याख्या गरेका प्रधानमन्त्री ओली आफ्नै पार्टी नेकपाका नेताहरुविरुद्ध खनिएका हुन् ।

प्रधानमन्त्री ओलीले कोभिड-१९ महामारीबारे नेकपाकै नेताहरुले बुझ्न नसकेको बताए । प्रधानमन्त्रीले महामारीको संकट गम्भीर रुपमा लिनुपर्ने भएपनि लापरवाही र जनताप्रति उदासीन हुने काम भइरहेको बताए ।

"सरकारले २५ जना भन्दा बढी भेला हुन रोक लगाएको छ । तर, केही मानिस, केही माध्यम र केही संस्थाहरुमा अत्यन्तै गैहजिम्मेवारपन देखिन्छ । यथार्थमा भन्दा अन्त बुझ्न गइरहन पर्दैन, मेरै पार्टीमा देखिन्छ", ओलीले भने । ४५० जना रहेको केन्द्रीय कमिटी बैठक बस्न नसकिने संकेत गर्दै प्रधानमन्त्री ओलीले भने, "केन्द्रीय कमिटी कहाँ बस्ने हो ? के गर्ने हो ? त्यस्तो सोच केही पनि छैन। तर, बैठक चाहिँ चाहियो भन्ने कुरा त मेरै पार्टीमा छ ।"

प्रधानमन्त्री ओलीले स्थायी कमिटी बैठक बस्नुपर्ने अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको भनाइबारे पनि ओलीले आपत्ति जनाएका थिए । छलफलमा बोलाइएपनि प्रचण्ड भने अनुपस्थित थिए ।

प्रचण्ड अनुपस्थित छलफलमा प्रधानमन्त्री ओलीले जनतामा हुने असन्तुष्टि र आक्रोशलाई आफूले स्वाभाविक रुपमा लिएको बताए। तर, फरक



आस्था र विश्वासकै कारण राम्रो कामको विरोध गर्ने प्रवृत्तिसँग भने सजग रहनुपर्ने बताए । "जनताका सामान्य असन्तुष्टि र आक्रोशलाई स्वाभाविक मान्न सकिन्छ, तर जे गर्‍यो त्यसको आँखा चिम्लेर विरोध गर्ने जुन परिपाटी छ, त्यसले सही बाटो देखाउँदैन" प्रधानमन्त्री ओलीले भने, "विरोध एउटा विषयमा गरेको हुन्छ, विरोधको उद्देश्य अर्कै कुरासँग गाँसिएको हुन्छ । भर्खर गाउँगाउँमा निकासा दिएको रकमको हिसाब खै भन्ने शैलीको विरोध हुन्छ ।"

प्रधानमन्त्री ओलीले सबै क्षेत्र र निकाय मिलेर महामारीको सामना गर्नुपर्ने बाँकी पृष्ठ २ मा

# तानातानमा वामदेव गौतम

## ■उपाध्यक्ष वामदेव गौतमलाई भेट्न प्रचण्ड भैसेपाटीमा

पार्टी उपाध्यक्ष वामदेव गौतम सत्तारूढ नेकपाभित्र निर्णायक बनिरहँदा तानातानमा परेका छन् । पार्टी अध्यक्षहरू केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड भैसेपाटी नै पुग्ने अवस्था बनेको छ ।

**राजेन्द्र प्रजापति/मध्यान्ह**
काठमाडौं, २० साउन ।



पार्टीभित्र खासै बलियो गुट नभएपनि उपाध्यक्ष वामदेव गौतम शक्तिशाली र निर्णायक पात्र बन्दै गएका छन् । यतिसम्म कि उपाध्यक्ष गौतमलाई भेट्न अध्यक्षहरू नै उनकै निवास भैसेपाटी पुग्ने अवस्था सिर्जना भएको छ । मंगलबार बिहान गौतमलाई भेट्न प्रचण्ड भैसेपाटी पुग्नुले त्यही संकेत गर्छ ।

पूर्व प्रधानमन्त्री समेत रहेका र पार्टीका कार्यकारी अध्यक्ष प्रचण्ड उपाध्यक्ष गौतमको निवास पुग्नुले गौतमको महत्व प्रष्ट्याएकै छ । किनभने, गौतमको निवास भैसेपाटीमा साउन १३ गते मात्रै मुलुकका शक्तिशाली प्रधानमन्त्री एवम् पार्टी अध्यक्ष केपी शर्मा ओली पुगेका थिए । पत्नी राधिका शाक्य सहित परिवार प्रधानमन्त्री भैसेपाटी पुगेको साता दिनभित्रै प्रचण्ड भैसेपाटी पुगेका छन् ।

भेटवार्तामा भएको सम्वाद सार्वजनिक नभएपनि यो भेटवार्तामा प्रचण्डले गौतमलाई मनाउने प्रयास गरेको स्रोत बताउँछन् । हुन पनि गौतमले ६ बुँदे प्रेस नोट सार्वजनिक गरेपछि नेकपा विवादले समेत मोड लिएको छ । गौतमले एकताको महाधिवेशन नभएसम्म अध्यक्ष र पाँच वर्ष नै प्रधानमन्त्री ओली हुने प्रस्ताव ल्याएका छन् । जबकी नेकपाभित्र दुवै पदबाट ओलीले राजीनामा दिनुपर्ने पक्षमा गौतम आफैं अगाडि बढेका थिए । आफ्नै निवासबाट गठबन्धन शुरु गरेका प्रचण्ड, झलनाथ खनाल, माधवकुमार नेपाल र प्रवक्ता नारायणकाजी श्रेष्ठलाई समेत गौतमले सम्बोधन गर्ने प्रयास गरेका छन् ।

प्रचण्डलाई कार्यकारी अध्यक्षको भूमिका लिखित रुपमै प्रष्ट पार्ने प्रस्ताव गरेका छन् भने खनाल-नेपाल समूहको माग सम्बोधन हुनेगरी सबैले पार्टी निर्णय मान्नुपर्ने प्रस्ताव ल्याएका छन् । अर्थात्, गौतमको प्रस्ताव मध्यमार्गी मात्रै छैन, दुवै समूहलाई नाफा पुग्ने प्रकृतिको छ ।

त्यसैले लगभग आफू बाहेक कोही पनि नरहेका गौतम नेकपाभित्र तानातानमा परेका छन् । आइतबार देखि लगातार ओली र प्रचण्ड छलफलमा रहिरहेका बेला गौतमलाई भेट्न प्रचण्ड भैसेपाटी पुग्नुले पनि त्यसैको संकेत गर्छ । गएको असार १० गतेदेखि शुरु भएको स्थायी कमिटी बैठक लगातार अवरुद्ध भइरहेका उपाध्यक्ष गौतम भने तानातानमा परेका छन् ।

## उपत्यका प्रवेश गर्नेहरुमा संक्रमण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन ।

लकडाउन खुलेसँगै राजधानी उपत्यका प्रवेश गर्नेको संख्या बढेको छ । परीक्षण नगरी राजधानी प्रवेश गर्नेहरुको संख्या बढेपछि मुख्य तीन नाका साँगा, नागढुंगा र फर्पिङमा स्वाब संकलन गरिएको थियो । १० हजार ८५३ जनाको स्वाब संकलन गरिएकोमा ४० जनामा संक्रमण देखिएको छ ।

नागढुंगामा १६, साँगामा १३ र फर्पिङमा ११ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मंगलबार नागढंगामा एक हजार ३०७ जनामा गरिएको परीक्षणमा १६, फर्पिङमा तीन हजार ४८२ बाँकी पृष्ठ २ मा

# ताहाचलमा किन टिक्दैनन् कार्यालय प्रमुख ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन

नेपाल सरकारको विभाग र उक्त कार्यालय मातहतको सरकारी कार्यालयमा समान हैसियतको दरवन्दी कायम गर्दा कार्य सम्पादनमा असहजता देखिने गरेको छ । जसका कारण मातहतका कार्यालय प्रमुख बनेकाहरु छोटो समयमै उम्केर जाने गरेका छन् । यसको ज्वलन्त उदाहरण बनेको छ, वैदेशिक रोजगार कार्यालय काठमाडौं ताहाचल । उक्त कार्यालयमा कार्यालय प्रमुखको जिम्मेवारी पाउने उपसचिवहरु टिक्ने र सहसचिवहरु भने छिटोछिटो सरुवा भई अन्यत्रै जाने गरेको पाइएको छ । त्यसको पछिल्लो उदाहरण हुन्, उक्त कार्यालयबाट हालै सरुवा भई गृहमन्त्रालय गएका सहसचिव उमेश बस्नेत ।

बस्नेत २०७६ फागुन ७ गते ताहाचल कार्यालयका प्रमुखकारुपमा आएका थिए । सहसचिव बस्नेत लकडाउनको समयलाई छोड्ने हो भने करिब ४५ दिनमात्र सो कार्यालयका प्रमुख बने । सहसचिव बस्नेत गतवर्ष फागुन २ गते जनकपुर उपमहानगरपालिकाबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सरुवा भई आएपछि लगत्तै वैदेशिक रोजगार कार्यालय ताहाचल खटाइएका थिए । तर, सहसचिव बस्नेतले उक्त कार्यालयमा खासै काम गरेनन् ।

उनी उक्त कार्यालयमा सरुवा भई नआउँदै कोरोना भाइरस (कोभिड-१९) माहामारीको छिपछिपे चर्चा शुरु भएको थियो । नेपाल सरकारको कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले फागुन २९ गतेदेखि वैदेशिक रोजगारीमा जाने कामदारहरुको श्रम स्वीकृति स्थगन गर्ने निर्णय गरेपछि उक्त कार्यालयको काम ठप्प नै भयो ।

कोरोना महामारी केही सुस्ताएपछि सरकारले असार १८ गतेदेखि पुनः श्रम स्वीकृति दिन शुरु गरेको थियो । तर त्यसलगत्तै सहसचिव बस्नेत उक्त कार्यालयबाट सरुवा भए । उक्त कार्यालयमा लामो समय नबस्ने सहसचिवहरुमा बस्नेत मात्र एक्ला भने होइनन् । यसअघि कार्यालय प्रमुखका रुपमा खटाइएका सहसचिवहरु विश्व प्रकाश सुवेदी, तेजराज पाण्डे, रुद्रा शर्मा पनि कार्यालयमा लामो समय टिकेनन् । उक्त कार्यालयमा पहिलो महिला प्रमुख बनेकी शर्मा त झन् चार दिन मात्र उक्त कार्यालयको प्रमुख भएर प्रमुख जिल्ला अधिकारीका रुपमा सरुवा मिलाई दोलखा पुगिन् । यस्तै सुवेदी पनि करिब तीन महिना ताहाचलको प्रमुख भएर अख्तियार कार्यालय हेटौंडामा सरुवा भई गए । बाँकी पृष्ठ २ मा




### वैदेशिक रोजगार विशेष

## दरबन्दी उपसचिवकै राख्ने तयारी

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभाग अन्तर्गतको वैदेशिक रोजगार कार्यालय ताहाचलमा कार्यालय प्रमुखको दरवन्दी उपसचिव नै राख्नुपर्ने आवाज श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा उठ्न थालेको छ । किनकि ताहाचलकै स्वरुपको अन्य ६ प्रदेशमा रहेका वैदेशिक रोजगार कार्यालयमा प्रमुखकारुपमा उपसचिव नै रहेका छन् ।

यसो त अध्यागमन विभागका महानिर्देशक र सो अन्तर्गतको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयमा सहसचिवस्तरकै प्रमुख हुने गर्छन् । यस्तै वीर अस्पतालमा समेत निर्देशक र महाशाखा प्रमुखहरु उही तहका हुन्छन् । त्यतातर्फ खासै विवाद भएको पाइएको छैन । तर वैदेशिक रोजगार कार्यालय ताहाचलमा भने सहसचिव लामोसमय कार्यालय प्रमुख भएर बस्न नचाहनुको कारण करिब ४ किलोमिटर टाढा रहेको बुद्धनगरका एउटै तहका महानिर्देशकलाई झलझलती सम्झेर हाकिम मान्नु नै हो ।

नेपाल आयल निगम

## नेपाल आयल निगम लि. को

## खाना पकाउने एल.पी. ग्याँस प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक सूचना

एल.पी ग्याँस अत्यन्त प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त शतर्कता र सावधानी अपनाउन जरुरी हुन्छ । यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरुमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम लि. अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१. एल.पी. ग्याँस सिलिण्डर ल्याउँदा-लैजाँदा नगुडाऊँ, भान्छामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुल्हो जस्ता उपकरणहरु गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ (दुई) वर्षमा ग्यासको पाइप फेरौं ।
३. खाना पकाउँदा सधैं झ्याल ढोका खुला राखौं र सुतिको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
४. काम सकिएपछि सधैं रेगुलेटर बन्द गरौं ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू:**

१. खाना पकाउने स्थानमा एल.पी. ग्याँसको तीखो गन्ध आइरहेको छ भने ग्याँस लिक भइरहेको छ भन्ने बुझ्नुपर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको (Knob) बन्द गरौं ।
२. ग्याँस हावाभन्दा गह्रौं हुने भएकोले भुइँमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धूप आदि नबालौं र बिजुली बत्ती, टर्चलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।
३. ग्याँस लिक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा 'सेफ्टी क्याप' ढकन लगाएर घर बाहिर खुला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस विक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेडद्वारा जारी**

# पहिरो पीडितको बास पालमुनि

**डोटी/रासस**-डोटीको पश्चिमी क्षेत्रस्थित सायल गाउँपालिका-२ भुर्केला गाउँ पहिराको उच्च जोखिममा रहेको छ । गाउँमाथि र तलबाट पहिरा आउन थालेपछि सिंगो गाउँका ३ सय ९० जना अहिले गाउँ छोडेर गाउँमाथिको अग्लो डाँडामा पालमुनि बस्नु परेको छ ।

गएको शनिबार आएको ठूलो पहिराका कारण उक्त गाउँका ३५ घरपरिवार आफ्नो गाउँ छोडेर विस्थापित भएका छन् । पहिराका कारण गाउँ छोडेर गएकाहरु अहिले साउन महिनाको झरीमा पालमुनि रात बिताउन बाध्य भएका छन् । पालमुनि बास भएका कारण उनीहरुलाई राति सुत्दा सर्प, मच्छर र जंगली जनावरले सताउने गरेको सायल गाउँपालिकाका स्थानीयवासी धर्मराज जोशीले बताए ।

उनले भने, 'पूरै गाउँले पहिराको डरले गाउँ छोडेर जंगलको अग्लो डाँडामा पाल टाँगेर बसेका छन्, त्यहाँ सर्प, मच्छर र जंगली जनावरले उनीहरुलाई सताउने गरेको छ ।'

त्यसैगरी शौचालय, खानेपानी तथा उज्यालोका लागि बत्तीसमेत नहुँदा उनीहरुलाई दिनहुँ सास्ती हुने गरेको सायल गाउँपालिका तोलेनीका अर्का स्थानीय तथा व्यापारी हिमाल बोहराले बताए । उनले भने, 'विस्थापितलाई खानेकुरो त छोडौं, शौचालय गर्ने ठाउँ र शुद्ध पानी नहुँदा समस्या भएको छ, फोहर पानी प्रयोग गरेकाले पखाला हुने सम्भावना बढेको छ ।'



विस्थापित भएका परिवारहरुसँग केटा केटी भएका कारण बस्न, खानदेखि अन्य कामका लागि पनि निकै समस्या हुँदै आएको स्थानीयवासी बताउँछन् । पहिराले विस्थापित भएको तीन दिन भइसक्दासमेत कुनै पनि निकायबाट राहत उपलब्ध नभएको भन्दै पीडितहरुले गुनासो गरेका छन् । उनीहरु भन्छन्, 'पहिराले हाम्रो सम्पत्ति त लग्यो, बाँच्नलाई भए पनि एक छाक खाने कुरो त देऊ ।' गाउँमा बर्सेनी रुपमा वर्षायाम लागेपछि डर त्रासमा बस्नु परिरहेका बेला लगातार पानी पर्दा गाउँको छेउछाउमा पहिरा जान थालेपछि सुरक्षित बासका लागि गाउँ छोडेर पालमुनि बस्नु परेको पहिरा पीडितको भनाइ छ । सायल गाउँपालिकाका उपाध्यक्ष विष्ना सिंहले गाउँको तल र माथिबाट पहिरो जान थालेपछि भुर्केला गाउँवासी केही दिन पहिलेदेखि विस्थापित भएर पालमुनि बसेको बताइन् ।

उनले भनिन्,'पहिराका कारण भुर्केलाका नागरिक विस्थापित भएका छन्, उनीहरुलाई आरभिआरएम्पी संस्थाको सहयोगमा पाल, पानी राख्ने भाडाको व्यवस्था गरेका छौं, अब अन्य व्यवस्थापनका लागि पहल भइरहेको छ, चाँडै खाद्यान्नलगायत अन्य राहत वितरण गर्नेछौं ।'

विस्थापित भएकाहरुसँग खानलाई अन्नको एक दानासमेत नभएका कारण भोकभोकै बस्नुपर्ने अवस्था सिर्जना भएको पहिरा पीडितमध्येका एकजना धनबहादुर थापाले बताए ।


'खानेकुरो सबै गाउँमै छुट्यो हामीसँग खानलाई पनि केही पनि छैन, आफू त भोक सहन गर्न सक्छौं, केटाकेटीलाई खान के दिऊँ समस्या भयो' उनले भने । उक्त गाउँमा प्रायः जसो थापा जातिको बढी बसोबास रहँदै आएको छ ।

अहिले दैनिक बर्सात भइरहेका कारण पहिराको डरले ३५ घरधुरीका गाउँले गाउँ छोडेर डाँडामा बास बसिरहेका छन् । उनीहरु घाम लागे घर फर्किने तथा पानी पर्दा डाँडातिर बसाइँ सर्ने गरेको स्थानीय हर्क थापाले जानकारी दिए । पहिराको समस्या वर्षौंदेखि हुँदै आए पनि आफूहरुको समस्या समाधानका लागि कसैले पनि उचित पहल नगरेको पीडितहरुको गुनासो छ । विस्थापित भएकाहरुको सुरक्षित बासको व्यवस्था चाँडो नभए पहिराले कुनै दिन गाउँ नै सामूहिक चिहान बन्ने खतरा बढेको स्थानीयवासी डम्मर सार्कीले बताए । उनले भने, 'पहिराले पूरै गाउँ खतरामा परेको छ, गाउँलेको सुरक्षित बासस्थानको व्यवस्थापन नगरिए सामूहिक चिहान हुने पक्कापक्की छ ।'

गाउँपालिले दिएका पाल पनि झरी र हावाहुरीले च्यातिएका कारण पानी पालभित्र पस्दा राति सुत्ने समयमा झनै समस्या हुने गरेको पीडितहरुको गुनासो छ । वर्षातका कारण पालमुनि रहेका बालबालिकामा ज्वरो आउने, रुघाखोकी लाग्ने जस्ता समस्या देखिएको बताइएको छ ।

# विद्यालय सञ्चालन नगर्न अनेरास्वबियुको आग्रह

**काठमाडौं/मस–** सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन(अनेरास्ववियु)ले सरकारले संवैधानिक लगायत विभिन्न संस्थानमा गरेका नियुक्तिमा भ्रष्टाचार भएको बताएको छ ।



अनेरास्ववियुका सहसंयोजक रञ्जित तामाङले मंगलबार तीन बुँदे विज्ञप्ति जारी गर्दै सरकार खर्च कटौतिका नाममा एकातिर लोकसेवा आयोगका विज्ञापन रोक्ने अर्कोतिर आफ्ना आसेपासेहरुलाई सरकारी सम्पत्तिले पाल्ने गरी विभिन्न संस्थान र निकायमा करारमा हुल्ने काम गरिरहेको भन्दै असन्तुष्टि जनाएका छन् ।

विज्ञप्तिमा भनिएको छ, ' पछिल्ला दिनमा सरकारले विभिन्न निकायमा गरेको नियुक्तिका बारेमा जनस्तरबाट असन्तुष्टि आइरहेको छ । यस्तोबेला संवैधानिक अंग र प्रक्रिया छलेर थोकमा हुल्ने यस्तो कार्य भ्रष्टाचार नै भएको ठहर्छ । तसर्थ सुशासन र विधिको शासनको उपहास हुने त्यस्ता कुनैपनि त्यस्ता काम नगर्न र जनताको रोजगारीको संवैधानिक हक संरक्षण गर्नेगरी लोकसेवा आयोगलाई नै विज्ञापन गर्न दिन हामी सरकारलाई सचेत गराउँदछौ ।'

अनेरास्वबियुले पीसीआर परीक्षणको दायरा बढाउन तथा जोखिमकाबीच विद्यालय खोल्ने काम नगर्न पनि सरोकारवालाको ध्यानाकर्षण गराएको छ ।

युनियनले पछिल्ला समय कोभिड-१९ को जोखिम झन् बढेको भनी स्वास्थ्य क्षेत्रका विज्ञले चेतावनी दिइरहेको अवस्थामा विद्यालय सञ्चालन र नियमित पठनपाठन गर्ने कार्य नगर्न आग्रह गरेको छ ।

अनेरास्वबियूले नाफा कमाउने बहानामा बालबालिकाका सुरक्षामा जोखिम निम्त्याउने कार्य कुनै पनि हालतमा नगर्न र सम्पूर्ण विद्यार्थीको निःशुल्क पिसिआर परीक्षण तथा कोरोना बीमा गर्न पनि माग गरेको छ । काठमाडौं उपत्यकालगायत विभिन्न जिल्लाका स्थानीय तह र विद्यालय सञ्चालनसम्बन्धी संयन्त्रले सरकारले जारी गरेको सूचनालाई गलत अर्थ लगाई आगामी भदौ १ गतेदेखि पठनपाठन शुरु गर्न दिएको निर्देशनप्रति संगठनको गम्भीर ध्यानाकर्षण भएको संगठनको विज्ञप्तिमा उल्लेख छ ।

# परीक्षणको दायरा बढाउँदै महानगर

**काठमाडौं/मस–** बन्दाबन्दी खुलेसँगै पछिल्लो समय कोभिड-१९ संक्रमितको संख्या बढेपछि काठमाडौं महानगरपालिकाले परीक्षणको दायरा बढाएको छ । साउन १४ गते कोरोना संक्रमण पुष्टि भएका वडा १४ र २८ जनप्रतिनिधि, कर्मचारी, वडामा नियमित आवतजावत गर्ने व्यक्ति र बिरामीको सम्पर्कमा रहेका व्यक्तिको परीक्षण गरिएको कामपाले जनाएको छ ।




सोमबार वडा २८ का ६५ जना र वडा १४ का ३२ जनाको गरी ९७ जनाको पीसीआर परीक्षण गरिएको कामपाका प्रवक्ता ईश्वरमान डंगोलले बताए ।

यही १४ गते वडा २८ मा चार जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । संक्रमण पुष्टि भएका व्यक्तिका एक जना घरधनी वडामा सेवा लिन आएपछि संक्रमणको जोखिम बढेकाले परीक्षण गरिएको हो ।

त्यसैगरी वडा नं १४ मा पनि सर्लाहीबाट आएका दुई जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । सरकारले बन्दाबन्दी खोलेपछि पछिल्लो समय देशभरि नै कोरोना संक्रमण बढिरहेको छ । वडा २७ मा संक्रमितको सम्पर्कमा रहेका ३०२ जनाको साउन १३ गते कोरोना परीक्षण गराइएको थियो । परीक्षणका क्रममा २० दिनअघि भारतको सीतामढीबाट आएका एक महिलामा संक्रमण पोजेटिभ देखिएको थियो । उनीबाट पहिले उनका भाइमा संक्रमण सरेपछि उनीहरुको सम्पर्कमा रहेकालाई खोज्दै १५ जनालाई परीक्षण गरिएको थियो ।

संक्रमणको दर बढेपछि कामपाका प्रमुख विद्यासुन्दर शाक्यले जात्रा पर्व पनि घरमा नै विधि पुऱ्याएर मनाउनसमेत आग्रह गरेका छन् ।

ठूलो जमातमा संक्रमण फैलिए त्यसलाई न्यूनीकरण गर्न समस्या हुने भन्दै प्रमुख शाक्यले मंगलबार एक विज्ञप्ति जारी गरी सबै नगरवासीलाई आग्रह गरेका छन् ।

## महामारीको....

बताए । "कोभिड-१९ को विश्वव्यापी महामारी नियन्त्रण गर्न सरकारको प्रयासले मात्र सम्भव छैन । जनतामा चेतना जति बढाउन सकिन्छ, कोरोनाविरुद्धको लडाइँ जित्न त्यति सजिलो हुन्छ", प्रधानमन्त्री ओलीले भने ।

प्रधानमन्त्री कार्यालयका सचिव महेन्द्र गुरागाईंले प्रतिदिन १८ हजारसम्मको पिसिआर परीक्षण गर्न सक्नेगरी ल्याब स्थापना गरिएको र हाल सम्म चार लाख जनाको परीक्षण गरिएको रिपोर्ट प्रस्तुत गरेका थिए ।

छलफलमा सहभागी काँग्रेस सभापति देउवा कोभिड-१९ को संक्रमण बढेककाले आइसोलेसन वार्ड विस्तार र भेन्टिलेटरको अत्यावश्यक प्रबन्ध गर्न सुझाव दिए । स्वास्थ सामग्रीको पर्याप्त प्रबन्ध गर्न र कोरोना संक्रमणको उपचारमा अत्यावश्यक पर्ने औषधि आयातमा तदारुकता देखाउन सरकारलाई सुझाव दिएका थिए ।

सभापति देउवाले कोरोना रोकथाम र उपचारमा हालसम्म भएका प्रगति र कमजोरीको समीक्षा गरी स्वास्थ सामग्री खरिदमा भएको भनिएको अनियमितता सम्बन्धमा कारवाही गर्न सरकारसँग माग गरे । काँग्रेसले आरडिटी परीक्षण स्थायी रुपले अन्त्य गर्न, सम्पूर्णरुपले पिसिआर परीक्षण गर्दै एक प्रदेशमा एक लाख नयाँ परीक्षण तत्काल प्रारम्भ गर्ने गरी आवश्यक बन्दोबस्त गर्न, मापदण्डअनुरुप क्वारेन्टिनको यथाशीघ्र व्यवस्थापन गर्न र विदेशमा अप्ठ्यारामा परेका नेपालीको निःशुल्क उद्धार गरी क्वारेन्टिन र परीक्षणपश्चात् घर पुऱ्याउने व्यवस्था गर्न सरकारलाई सुझाव दिएको छ ।

## उपत्यका...

जनामा गरिएको परीक्षणमा १३ र साँगामा छ हजार ६४ जनामा गरिएको परीक्षणमा ११ जनामा पोजेटिभ देखिएको मन्त्रालयले जानकारी गराएको छ । हाल दश हजार ४५२ जना क्वारेन्टिनमा रहेका छन् ।

त्यसो त राजधानी उपत्यकामा संक्रमितको संख्या बढिरहेको छ । मंगलबार सवैभन्दा बढी संक्रमित देखिने जिल्लामा काठमाडौं परेको थियो । काठमाडौंमा मात्रै ४८ जनालाई संक्रमण पुष्टि भएको छ । भक्तपुरमा १३ जना र ललितपुरमा एक जनामा संक्रमण पुष्टि भएको छ ।

एकै दिन थप ६२ जनामा संक्रमण पुष्टि भएपछि राजधानी उपत्यकामा संक्रमित हुनेको संख्या ७२७ पुगेको छ । देशभर भने मंगलबार थप २५९ जनामा संक्रमण देखिएको छ । मंगलबार थपिएको सहित संक्रमित संख्या २१ हजार ९ पुगेको छ । मन्त्रालयका प्रवक्ता जागेश्वर गौतमका अनुसार, देशभरका प्रयोगशालामा सात हजार ६८७ जनाको पिसिआर परीक्षण गरिएको छ ।

मंगलबार थपिएको र डिस्चार्ज भएपछि संख्याअनुसार, पाँच हजार ९२५ को उपचार भइरहेको छ । हालसम्मा चार लाख छ हजार ५९४ को परीक्षण गरिएको छ । बितेको २४ घण्टामा ६५ जना निको भएर घर फर्केका छन् । संक्रमित मध्ये १५ हजार २६ जना उपचार पछि निको भएर घर फर्केका छन् । यो भनेको ७१.३ प्रतिशत हो ।

मंगलबार थप एक जनाको मृत्यु भएको छ । मोरङ घर भएका ७७ वर्षका पुरुषको कोरोना संक्रमणको कारण सोमबार मृत्यु भएको हो । योसँगै नेपालमा हालसम्म कोरोना भाइरसबाट ५८ जनाको मृत्यु भएको छ ।

## ताहाचलमा....

२०७० साल मंसिर २६ गते वैदेशिक रोजगार विभाग अन्तर्गत राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत कार्यालय प्रमुखसहित १ सय १० जना कर्मचारी दरवन्दी रहने गरी उक्त कार्यालय स्थापना भएको थियो । उक्त कार्यालय अन्तर्गत काठमाडौं कार्यालय, मलेसिया, कतार र साउदी अरब शाखा रहेका छन् । हाल सरकारले सातवटै प्रदेशबाट पुनः श्रम स्वीकृति दिन थालेपछि कार्यालयको बोझ भने घटेको छ ।

'श्रमग्राम' भनिएको ताहाचलमा कार्यालय स्थापना हुँदा उपसचिव मधुविलास पण्डित कार्यालय प्रमुख थिए । उनी लामो समय उक्त कार्यालयमा रहे । ताहाचलमा प्रमुखको दरवन्दी सहसचिव भएकाले सहसचिव नै प्रमुख बनाएर पठाउनुपर्छ भन्ने आवाज उठ्न थाल्यो । त्यतीबेला विभागका बहुचर्चित महानिर्देशक थिए, भरतराज सुवेदी । उनकै समयमा विश्वप्रकाश सुवेदी ताहाचलका प्रमुख थिए । तर उनले राम्रोसँग कार्यालय हाँक्न सकेनन् भन्ने आवाज उठ्यो र उनी मन्त्रालय तानिए । यद्यपि ताहाचलका सुवेदीभन्दा बुद्धनगरका सुवेदी एकै ब्याची भएपनि केही दिनले जुनियर थिए । फेरि उपसचिव पण्डितलाई नै निमित्त कार्यालय प्रमुख बनाएर ताहाचल पठाइयो । सहसचिव सुवेदी भने अख्तियार कार्यालय हेटौंडा सरुवा भएर गए ।

कार्यालयमा सुधारका धेरै काम थालेका पण्डित उमेरहदका कारण सोही कार्यालयको प्रमुख रहेकै बेला सेवाबाट अवकास लिए । त्यसपछि मन्त्रालयले मन्त्रालयको वैदेशिक रोजगार महाशाखा हेर्ने सहसचिव तेजराज पाण्डेलाई ताहाचल कार्यालय प्रमुखको पनि जिम्मेवारीमा खटायो । तर सहसचिव पाण्डे पनि लामो समय ताहाचल बसेनन् ।

सहसचिव पाण्डे प्रायः मन्त्रालयमै बस्थे । यसो टहलिन पऱ्यो भने मात्र ताहाचल पुगेजस्तो गर्थे । त्यसबेलाका एक कर्मचारीले भने, 'विभागमा महानिर्देशक सहसचिव नै भएका भएपनि मन्त्रालयमा रहँदा महानिर्देशकभन्दा माथि र ताहाचल पुग्दा महानिर्देशकभन्दा तल पुगेजस्तो ठान्थे पाण्डे ।'

पाण्डेपछि उपसचिव इन्द्रदेव पाण्डे ताहाचलको निमित्त कार्यालय प्रमुख बनाइए । उपसचिव पाण्डेले केही लामो समय काम गरे । त्यसपछि मन्त्रालयमा गोकर्णराज विष्ट मन्त्री भई आएपछि 'भ्रष्टाचार विरोधी ट्युन मिलाउने' भन्दै गृह मन्त्रालयका उपसचिव भविश्वर पाण्डेलाई निमित्त कार्यालय प्रमुख बनाएर ताहाचल पठाइयो । पाण्डेले पनि लामो समय काम गरेनन् । उनी २०७५ असार, साउन र भदौ गरी करिब तीन महिना मात्र सो कार्यालयमा बसे । ठूलै सुधारको योजनासाथ ताहाचल गएका उनी तीन महिनामै सरुवा मिलाएर प्रधानमन्त्री कार्यालय गए । कार्यालयको व्यवस्थापनलगायतमा सुधार गर्ने भनेर ताहाचल पुगेका पाण्डे सुध्रने छाँट नदेखेपछि आफैं सरुवा मिलाएर गएका हुन् ।

पाण्डे बाहिरिएपछि मन्त्रालयका उपसचिव युवराज खतिवडा कार्यालय प्रमुखको जिम्मेवारीमा ताहाचल गए । तर उनीपनि दुई महिनाभन्दा केही बढी समय मात्रै बसेर फर्किए । उनी २०७६ असोज र कात्तिक गरी दुई महिनाभन्दा केही दिन बढीमात्र ताहाचल बसे ।

त्यसपछि ताहाचल गए निमित्त कार्यालय प्रमुख भएर उपसचिव देवेन्द्र कार्की । उनी करिब १४ महिना निमित्त कार्यालय प्रमुख भए । त्यसपछि सहसचिव रुद्रदेवी शर्मा कार्यालय प्रमुख तोकिइन् । उनी २०७६ माघ १७ गते ताहाचलका कार्यालय प्रमुख भएर गएकी थिइन् । तर तीन दिन मात्र काम गरेर उनी बाहिरिइन् । अर्थात २०७६ माघ २० गते उनले ताहाचल छोडिन् । त्यसपछि फेरि उपसचिव देवेन्द्र कार्कीलाई नै निमित्त कार्यालय प्रमुख बनाएर मन्त्रालयले ताहाचल पठायो । त्यसपछि फेरि कुरा उठ्यो दरवन्दी कै अर्थात सहसचिवलाई नै कार्यालय प्रमुख बनाएर पठाउने सन्दर्भ । त्यसैक्रममा २०७६ फागुन ८ गते सहसचिव उमेश बस्नेत कार्यालय प्रमुख भएर गएका थिए ।

ताहाचलमा कार्यालय प्रमुखमा सहसचिव रहने भएपनि शाखा प्रमुखमा उपसचिवस्तरका कर्मचारी रहने गरेका छन् । कार्यालयलाई म्यापावर कम्पनीले पेश गरेका मागपत्रमा पूर्व र अन्तिम श्रम स्वीकृति, व्यक्तिगत श्रम स्विकृति दिने र श्रम स्वीकृतिको नविकरण गर्ने जिम्मेवारी रहेको छ । यसका अतिरिक्त नियमनकारी क्षेत्राधिकार अन्तर्गत उक्त कार्यालयलाई म्यानपावर कम्पनी, स्वास्थ्य संस्था र वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण तालिम तथा घरेलु कामदार सम्बन्धी तालिम प्रदान गर्न स्वीकृति प्राप्त संस्थाहरुको अनुगमन, निरीक्षण, निर्देशन तथा कारबाहीस्वरुप संस्था खारेज गर्नेसम्मको सिफारिस गर्ने अधिकार रहेको छ ।

बस्नेतको बहिर्गमनपछि सोही कार्यालयमा शाखा अधिकृत रहेका क्षत्र शाह अहिले निमित्त कार्यालय प्रमुख छन् । उनी हालै उपसचिवमा बढुवा भएका हुन् । शाह कति समय त्यहाँ बस्ने हुन्, त्यो भने हेर्न बाँकी नै छ । योसँगै ताहाचलमा कोही किन प्रमुख लामो समय टिक्दैनन् भन्ने प्रश्न अनुत्तरित नै रहेको छ ।

# सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको सामान भन्सार बुझायो



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २० साउन

नवलपरासीमा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको ६१ हजार मूल्य बराबरको सामान भन्सार बुझाएको छ । सोमबार सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीले लकडाउन समयमा बिभिन्न नाकाहरुबाट भारत तथा नेपालबाट अबैधरुपमा ओसार पसार गर्दै गरेको मटर (केराउ) मोटर पार्टस् र कस्मेटिक लगायतका सामान आवश्यक कार्वाहीको लागि महेशपुर भन्सार कार्यालयमा बुझाइएको हो ।

दशगजा क्षेत्रबाट बरामद गरिएका ती सामानहरु स्थानीय पत्रकारहरुको उपस्थितिमा महेशपुर भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी निरीक्षक सन्तोष खरेलले जानकारी दिए । लकडाउनको समयमा सीमा तस्करी तथा सीमा सुरक्षाको निगरानी पूर्णरुपले बढाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# पत्रकार महासंघको भर्त्सना

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले समाचार संकलनका क्रममा रुपन्देही शाखाका उपाध्यक्ष दिनेश पाण्डे र सेतोपाटी सम्वाददाता एवं लुम्बिनी टेलिभिजनकी समाचार प्रमुख भगवती पाण्डेमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रहरीले दुर्व्यवहार गरेको भन्दै ध्यानाकर्षण गराएको छ ।



महासचिव रमेश विष्टले मंगलबार एक विज्ञप्ति जारी गर्दै पत्रकारद्वयलाई अख्तियारका निरीक्षक रोशन पाण्डेद्वारा गरिएको दुर्व्यवहार, हातपात तथा क्यामेरा खोसेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

साउन १९ गते पूर्व-पश्चिम राजमार्गको रुपन्देहीको सालझण्डी सडक खण्डमा अख्तियार कार्यालय बुटवलबाट खटिएका सादा पोसाकमा रहेका प्रहरीले सवारी साधनको चेकजाँच गरिरहेको तस्बिर लिन खोज्दा प्रहरी निरीक्षक पाण्डेसहितका प्रहरीले पत्रकार पाण्डेको क्यामेरा खोस्नुका साथै सोही विषयलाई लिएर झगडा गर्दै पत्रकारद्वयमाथि दुर्व्यवहार र हातपातसमेत गरेका थिए । महासंघले कोभिड-१९ संक्रमणको जोखिमकाबीच नागरिकलाई सुसूचित गराउने धर्म निर्वाहमा जुटेका पत्रकारलाई सहजरुपमा काम गर्ने वातावरण बनाउनुको साटो प्रहरीबाट भएको यो अराजक हर्कत आपत्तिजन हुनुका साथै प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भएको जनाएको छ । महासंघले पत्रकारलाई पेशाप्रति हतोत्साहित बनाउने प्रहरीको यो हर्कतको कडा शब्दमा भत्सना गरेको छ । घटनामा संलग्न प्रहरीमाथि कारबाही गरी प्रेस स्वतन्त्रताको सम्मान गर्न र आगामी दिनमा यस्ता कार्य नदोहोऱ्याउन सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण भएको समेत महासंघले जनाएको छ ।

# नगरपालिकालाई १४ लाखको सामग्री हस्तान्तरण




**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, २० साउन

बाल सेवा समाज नेर्पा, खोटाङले क्वारेन्टाइन ब्याबस्थापन गर्नका लागि रुपाकोट मझुवागढि नगरपालिकालाई १४ लाखको सामग्री हस्तान्तरण गरेको छ । खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको क्वारेन्टिन व्यवस्थापनका लागि खोटाङ जिल्लामै स्थापना भई क्रियाशिल रहेको स्थानीय ख्याती प्राप्त संस्थाको रुपमा परिचित संस्था बालसेवा समाज नेर्पा खोटाङले कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण निम्तिएको महासंकटबाट सुरक्षित रहनका लागि एक कार्यक्रमका बीच १४ लाख बढीको सामग्री हस्तान्तरण गरेको हो ।

क्रिश्चियन एडको आर्थिक सहयोगमा उक्त संस्थाद्वारा सञ्चालित सशक्तिकरणका लागि महिला संलग्नता र जीविकोपार्जनका लागि उद्यमशिलता विइ फिल योजना परियोजना अन्तर्गत कोभिड-१९ महामारीबाट बच्न नागरिकहरुलाई सुरक्षित रहन तथा सहज होस् भन्ने उद्देश्यका साथ क्वारेन्टिन व्यवस्थापनार्थ संस्थाकी अध्यक्ष चन्द्रकला भुजेलमार्फत नगरपालिकाका नगरप्रमुख दिपनारायण रिजाललाई हस्तान्तरण गरिएको हो ।

पहिलो चरणमा कोरोना भाइरसको विश्वव्यापी महामारीलाई न्यूनीकरण गर्नका लागि समाजले दिक्तेल रुपाकोट मझुवागढी नगरपलिका अनतर्गतका १५ वटै वडामा पुगी १५ सय ४१ घरधुरीलाई खाद्यान्नलगायत ३३ लाख ९८ हजार बराबरको राहत सामग्री वितरण कार्य सम्पन्न गरिएको परियोजनाका प्रवन्धक युवराज रिजालले जानकारी दिए ।

दोस्रो चरणमा पुनः क्वारेन्टिन केन्द्रित राहत सामग्रीको प्याकेज हस्तान्तरण गरिएको हो । दोस्रो चरणको राहत सामग्रीमा जिल्ला अस्पताल दिक्तेलमा रहेको आइसोलेशन कक्षलाई म्याट्रेस, सिरानी, वेड कभर, ब्लान्केट, झुल ५० सेट, व्यक्तिगत सरसफाइका सामग्री अन्तर्गत चप्पल, तुथपेष्ट, ब्रस, टावेल, के एन ९५ माक्स, सावुन, सेनिटाइजर सेट १०० जनालाई, पानी व्यवस्थापनका लागि स्ट्याण्ड सहितको ५ वटा ५०० लिटरको हिल टेक ट्याँकी, खाद्यान्न सहयोग अन्तर्गत ६६ बोरा चामल, २ सय केजी दाल, ५० लिटर खानेतेल र केजी नून लगायतका सामग्री हस्तान्तरण गरिएको बालसेवा समाज नेर्पा खोटाङले जनाएको छ ।

सहयोग हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथिकोरुपमा बोल्दै नगरप्रमुख रिजालले महासंकटको वेला गैससहरुको भूमिकाको सन्दर्भमा बाल सेवा समाज नेपाल र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा खोटाङले महत्वपूर्ण जिम्मेवारी निर्वाह गरेकोप्रति मुक्तकण्डले प्रसंशा गर्न सकिने बताए ।

# २५ शैयासम्मका अस्पताल व्यवस्थापन गर्न कार्यविधि

**काठमाडौं/मस–** काठमाडौं महानगरले आफ्नो भौगोलिक क्षेत्रभित्र सञ्चालनमा रहेका पोलि क्लिनिकसहितका स्वास्थ्य संस्था र २५ शैयासम्मका अस्पतालको दर्ता र नविकरण तथा स्तरोन्नतिको अनुमति जारी गर्ने भएको छ । आफूले दर्ता गर्न अनुमति दिएका स्वास्थ्य संस्थाका नियमन तथा अनुगमन पनि महानगरले नै गर्नेछ। साउन १५ गते राष्ट्रिय सभा गृहमा बसेको महानगरको ५० औं कार्यपालिका बैठकले स्वास्थ्य संस्था दर्ता नविकरण तथा स्तरोन्नति सम्वन्धी कार्यविधि-२०७७ स्वीकृत गरेपछि स्वास्थ्य संस्थाको दर्ता, नविकरण र नियमनको बाटो खुलेको हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ को खण्ड (झ) ले दिएको अधिकार प्रयोग गरेर कार्यविधि जारी गरिएको हो। कार्यविधि तयार नभएकाले महानगरले संविधानले स्थानीय तहलाई दिएको स्वास्थ्य सम्बन्धि अधिकार कार्यान्वयनमा गर्न सकेको थिएन । महानगरका प्रवक्ता ईश्वरमान डंगोल भन्छन्, '२५ शैयासम्मका अस्पतालहरुको व्यवस्थापन स्थानीय तहको क्षेत्राधिकारभित्र छन् । हामी हाम्रा क्षेत्रभित्र रहेका अस्पतालहरुको व्यवस्थापन गर्छौं ।'




यस अघिसम्म स्वास्थ्य संस्थाको दर्ता, नविकरण तथा स्तरोन्नतिका लागि अनुमति दिने काम जिल्ला जनस्वाथ्य कार्यालयबाट हुँदै आएको थियो । महानगरपालिका क्षेत्रभित्र आधिकारिक रुपमा दर्ता भएका स्वास्थ्य संस्थाको संख्या १ हजार भन्दा बढी छ। यही संख्यामा दर्ताको प्रक्रियामा आउन बाँकी रहेको महानगरको प्रारम्भिक अनुमान छ। 'नागरिकलाई उसैको नजिकको सरकारले सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने सुनिश्चित भएको छ ।' महानगरपालिकाका निर्देशक एवं कानुन महाशाखाका प्रमुख बसन्त आचार्य भन्छन्, 'अब महानगर क्षेत्रभित्र रहेका सरकारी, नीजि, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरबाट स्थापना भएका स्वास्थ्य संस्थाको सेवा, स्तर नियमन गर्ने कानुनी बाटो खुलेको छ । यसै गरी महानगर स्वास्थ्य संस्था दर्ता र नविकरण गर्न सक्ने भएको छ ।'कार्यविधिमा स्वास्थ्य सेवा सञ्चालन गर्दा पालना गर्नुपर्ने मापदण्ड र आचरण, अनुमति प्रदान गर्ने प्रक्रियालगायत व्यवस्था छन् । कार्यविधिअनुसार २५ शैया सम्मका अस्पताल, आयुर्वेद अस्पताल, गैरसरकारी अस्पताल, डाईग्नोष्टिक सेन्टर, नीजि अस्पताल वा नर्सिङ होमलगायतको स्थापना, सेवा विस्तार, वा स्तरोन्नतिका लागि अनिवार्य अनुमति लिनु पर्छ ।

कार्यविधिमा कसैले अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य बन्द गरी जरिवाना गर्न, क्षतिपूर्ति तिराउन वा कालो सूचीमा राख्ने, भविष्यमा सो कार्य गर्न नपाउने गरी व्यवस्था गर्नेसम्मको अधिकार समावेश गरिएको छ । अनुमति लिएका स्वास्थ्य संस्थाले उद्देश्य र क्षमताअनुसार आकस्मिक सेवा, बहिरङ्ग सेवा, अन्तरङ्ग सेवा, निदानात्मक सेवा (प्रयोगशाला, रेडियो इमेजिङ समेत), शल्यक्रिया, सघन उपचार सेवा, प्रवर्धनात्मक तथा प्रतिरोधात्मक सेवा, विशेषज्ञ सेवा, फार्मेसी सेवा, रक्त सञ्चार सेवा, फिजियो थेरापी सेवा, शव गृह व्यवस्थापन, अस्पताल व्यवस्थापन, वातावरण व्यवस्थापन, स्वास्थ्य संस्थाबाट निष्काशित फोहोरमैला व्यवस्थापन, पोषण गृह, घरमा आधारित स्वास्थ्य सेवा सञ्चालन गर्न पाउने छन् ।

कार्यविधिमा अस्पतालको पूर्वाधार मापदण्ड उल्लेख गरिएको छ। मापदण्डअनुसार अस्पताल रहने स्थानमा धुँवा, धुलो, ध्वनि, जल तथा जमिन प्रदुषणबाट मुक्त भएको, सुरक्षाको व्यवस्था भएको, सडक, पानी, विजुली, सञ्चार सुविधा, पर्याप्त पार्किङ, हरियालीयुक्त वातावरण, फोहोरमैलाको व्यवस्थापनलगायतका सूचक राखिएका छन् ।

कार्यविधि अनुसार स्वास्थ्य संस्थाको स्थापना, सेवा, विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि मनसाय पत्रका लागि निवेदन दिनुपर्छ ।

निवेदन प्राप्त भएको पन्ध दिनभित्रमा महानगरपालिकाले परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउने छ । समितिले व्यवसायिक कार्ययोजना, स्वास्थ्य संस्थाले सेवा पुर्‍याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या, जनघनत्व आदिको विश्लेषण गरी तीस दिन भित्र प्रतिवेदन महानगरपालिकालाई बुझाउनेछ। प्रतिवेदनका आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त देखिए प्रतिवेदन प्राप्त भएको पन्ध्र दिन भित्र बढीमा तीन वर्षको समयावधि दिई पूर्वाधार निर्माणका लागि अनुमति दिनेछ । सो अवधिभित्र मनासिव कारण परेर पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थप गर्न सम्वन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरे अस्पताललाई बढीमा एक वर्ष नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्ने व्यवस्था गरिएको छ । अनुमगन समितिले वार्षिक रुपमा स्वास्थ्य संस्थाहरुको स्थलगत अनुगमन सुपरीवेक्षण गरी आवश्यक कारवाही गर्ने र अनुगनका क्रममा गुणस्तरीयता तथा तोकिएको मापदण्ड पूरा नगरेको पाइएमा त्यस्तो संस्था सञ्चालन अनुमति खारेज गर्नेसम्मको व्यवस्था गरिएको छ ।

काठमाडौं महानगरपालिकाकाले कानुन प्रमाणीकरण गरेपछि कार्यविधि कार्यान्वयनमा आउने कानुन आचार्यले जानकारी दिए । उनका अनुसार 'यो हप्ता भित्रै प्रमाणीकरण गर्ने तयारी छ । ५० औं कार्यपालिका बैठकले योसँगै विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि २०७७ पनि स्वीकृत गरेको छ ।

# स्वाव संकलन गर्न उपत्यकाका १४ अस्पताल तोकियो

**काठमाडौं/मस–** सरकारले कोरोना संक्रमणको शंकास्पद बिरामीका लागि स्वाव संकलन गर्न काठमाडौं उपत्यकाका १४ अस्पताल तोकेको छ ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मंगलबार एक सूचना जारी गर्दै १४ अस्पताल तोकिएको जानकारी गराएको हो ।

शंकास्पद बिरामीको सम्पर्कमा आएका व्यक्तिहरु तथा जोखिमयुक्त स्थानबाट आएका व्यक्तिहरुले ती केन्द्र तथा क्लिनिकमा गएर बिहान ९ बजेदेखि १ बजेसम्म स्वाब परीक्षण गर्न सकिने मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार ती अस्पतालहरुमा पाटन अस्पताल, सिभिल अस्पताल, त्रिवि शिक्षण अस्पताल, टेकु अस्पताल, वीरेन्द्र अस्पताल, स्टार अस्पताल, नेपाल प्रहरी अस्पताल, भक्तपुर अस्पताल, केएमसी अस्पताल, वीर अस्पताल, सशस्त्र प्रहरी बल अस्पताल, प्रसुति गृह, ह्याम्स अस्पताल र नेपाल कोरिया मैत्री अस्पताल रहेका छन् । यसका साथै सम्पूर्ण हब अस्पताल, कोभिड क्लिनिक अस्पताल र कोभिड अस्पताल लेभल १, २ र ३ मा पनि स्वाब संकलन गर्नसकिने मन्त्रालयका सहप्रवक्ता डा.समीर कुमार अधिकारीले जनाएका छन्।

मन्त्रालयद्वारा जारी सूचनामा काठमाडौं उपत्यकामा कोरोना जोखिम बढीरहेको भन्दै सर्वसाधरण सबैले जनस्वासथ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्ने, घरबाहिर अत्यावश्यक अवस्थामा बाहेक ननिस्कने र भिडभाड नगर्ने, चाडपर्वहरु घरमै बसी मनाउन मन्त्रालय अपील समेत गरेको छ ।

# कर्मचारीको कोरोना परीक्षण



**काठमाडौं/मस–** इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले तीन सरकारी कार्यालयमा काम गर्ने कर्मचारीको मंगलबार कोभिड-१९ को परीक्षण गर्नका लागि स्वाब संकलन गरेको छ। महाशाखाले प्रधानमन्त्री निवास बालुवाटार, परराष्ट्र मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कर्मचारीको कोभिड-१९ परीक्षणका लागि स्वाब संकलन गरेको महाशाखाका निर्देशक डा.वासुदेव पाण्डेले बताए ।

उनका अनुसार प्रधानमन्त्री निवास बालुवाटारका ६०, अख्तियारका ६० र परराष्ट्र मन्त्रालयका १८ जनाको स्वाब संकलन गरिएको छ ।

महाशाखाका मेडिकल टेक्नोलोजिष्ट धनप्रसाद पौडेलका अनुसार बालुवाटारमा सुरक्षाकर्मी र कर्मचारी, अख्तियारमा थुनुवा र संक्रमितको कन्याक्ट ट्रेसिङ गर्दा नजिक रहेका कर्मचारीको तथा परराष्ट्रमा जापानबाट आएका एक जनामा संक्रमण भेटिएपछि उनी नजिकका कर्मचारीको परीक्षणका लागि स्वाब संकलन गरिएको छ । यसअघि महाशाखाले अग्रपङ्तिमा काम हुने कार्यालय बैंक, मालपोत तथा नापी, यातायात कार्यालयमा काम गर्ने पाँच हजार कर्मचारीको पीसीआर परीक्षण गरेको थियो ।

**अख्तियारका १५ जनामा कोरोना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका १५ कर्मचारीमा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले पीसीआर परीक्षणका लागि आइतबार अख्तियार परिसरमा १ सय ८२ कर्मचारीको स्वाब संकलन गरेको थियो। परीक्षणका क्रममा मंगलबार १५ जनामा कोरोना संक्रमण पुष्टि भएको हो। उनीहरु अधिकांश प्रहरी कर्मचारी रहेको जनाइएको छ ।

अख्तियारको अप्रेसनका लागि खोटाङ गई फर्किएका एक प्रहरी अधिकारीमा कोरोना संक्रमण भएपछि उनको सम्पर्कमा रहेकाहरुको स्वाब संकलन गरी परीक्षण गरिएको थियो ।

# सामुदायिक विद्यालयका छात्रालाई निःशुल्क स्यानिटरी प्याड



**काठमाडौं/मस–** आष्मा पोखेल कक्षा ११ मा पढ्न जाने दिनको प्रतिक्षामा छिन् । ज्ञानोदय माध्यामिक विद्यालयकी छात्रा उनीजस्तै अरु धेरै छात्रा ज्ञानोदय माध्यमिक विद्यालयमा भेटिए । उनीहरु निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रममा सहभागी हुन आएका थिए । मंगलबारबाट शुरु भएको सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्रालाई निःशुल्क स्यानिटरी प्याड वितरण अवसरमा सहभागी हुन पाउँदा उनीहरुमा उत्सुकता थियो । काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले कार्यक्रमको शुभारम्भ गरेका छन् ।

त्यसैगरी वडा नम्बर - १४ की अध्यक्ष शोभा सापकोटाले स्यानिटरी प्याड भेन्डिङ मेसिनमा सिक्का खसालेपछि निस्किएको प्याड वितरण गरेकी थिइन् । त्यसबेला उपस्थित महिला र छात्राहरुले लामो ताली बजाएका थिए ।

यो कार्यक्रमको छात्रा पोखरेलले खुलेर प्रसंशा गरिन्। 'रजस्वला हरेक महिलामा हुने नियमित प्रक्रिया हो' उनले भनिन् 'विद्यालयमा पुगेपछि मासिकश्राव हुँदा प्याडको अभावमा धेरै पटक विद्यालय नै छाडेर घर फर्किनु परेको थियो । अब त्यसप्रकारका समस्या भोग्नु नपर्ने भयो । योभन्दा खुशीको कुरा के हुन सक्छ र ? आष्माजस्तै श्रृषा रावल पनि खुशी छिन् । 'विद्यालयमै यसरी निशुल्क प्याड वितरणको व्यवस्था हुनु सबै छात्राका लागि खुशीको कुरा हो ।' उनले भनिन्, 'बिद्यार्थीलाई प्याड बोकेर हिँड्न सजिलो छैन । महिनावारी भएका बेला स्कूलमै प्याड पाइने भएपछि मानसिक भार पनि कम भएको महसुस गरेकी छु ।' कार्यक्रममा सहभागी खुशी जोशीले सरकारको सकारात्मक काम भनेर प्रतिक्रिया दिएकी छिन् । यसअघि रजस्वलाको समयमा शिक्षकहरुसँग खुलेर कुरा गर्न सक्ने अवस्था थिएन । अहिले ठाउँ-ठाउँमा मेसिनहरु राखिएका छन् । अब रजस्वला भयो भन्दै हिनताबोधसहित शिक्षकसँग विदा माग्नु पर्ने अवस्थाको समेत अन्त्य भएको छ । जोशीले यस्तै सुविधा दुर्गम ठाउँमा पनि पुर्‍याउन सुझाव दिइन् ।

**रजस्वला भएका महिलालाई विभेद गर्नुहुन्नः मेयर शाक्य**

कार्यक्रमलाई सम्वोधन गर्दै मेयर शाक्यले रजस्वला भएका महिलालाई विभेद गर्नु नहुने बताए । 'हरेक घरमा महिला हुनुहुन्छ । महिला नभएको घर हुँदैन । उहाँहरुलाई हेर्ने दृष्टिकोण अनि बुझ्ने र बुझाउने तरिका फरक छ' उनले उदाहरण प्रस्तुत गर्दै भने, 'रजस्वलाका समयमा महिला कमजोर हुन्छन् । त्यो बेलामा उनीहरुको हेरविचार गर्नुपर्छ, सहयोग गर्नुपर्छ भन्ने सकारात्मक पाटो हो । योसँगै समाजमा चार दिन मेरो काम गर्ने पालो, उसले छोएको खानु हुँदैन भन्ने जस्ता विभेदपूर्ण व्यवहार पनि हुने गरेका छन् । यसलाई परिवर्तन गर्नु पर्छ ।' उनले पहिलादेखि चलिआएको चलन हो भन्दै विकृति र विसंगतिलाई नछाड्ने हो भने समाज जहाँको तहीँ रहने धारणा राख्दै यसलाई सुधार गर्नुको बिकल्प नरहेको उल्लेख गरे । विद्यालयका प्रधानाध्यापक नातिकाजी महर्जनले छात्राले रजस्वला हुँदा विगतमा धेरै कठिनाई भोग्नु परेको विगत स्मरण गरे । त्यही बाहनामा छात्राहरु विद्यालयमा अनुपस्थिति हुनुपर्नेसम्मका बाध्यता थिए । अब त्यो अन्त्य भएको छ। उनकाअनुसार पहिलो चरणमा पाँचदेखि १२ कक्षासम्म अध्ययन गर्ने करीब १४ सय छात्राको रजस्वला पिरियड हुने भएकाले त्यसैलाई आधार मानेर १ लाख २० हजार थान प्याड खरिद गरिएको बताए ।

'एकजनालाई महिनामा करीब १६ ओटा प्याड आवश्यक पर्ने हाम्रो अनुमान छ' उनले भने। विद्यालयले प्याड राख्ने भेन्डिङ मेसिन र प्रयोग गरिएको प्याड व्यवस्थापन गर्न डिस्पोजल मेसिन पनि खरिद गरेको छ ।

काठमाडौं महानगरपालिकाका शिक्षा विभागका शाखा अधिकृत मोती भट्टराईकाअनुसार महानरपालिका क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयलाई प्रति छात्रा १ हजार ६ रुपैयाँका दरले प्याड खरिद गर्न बजेट निकासा गरिसकिएको छ ।

# श्रोत नखुलेको १६ लाख रुपैयाँसहित पक्राउ

**कपिलवस्तु/मस–** कपिलवस्तुको मायादेवी गाउँपालिका ४ स्थित सीमा ईलाकाबाट एपीएफ टोलीले श्रोत नखुलेको १६ लाख रुपैयाँसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही गाउँपालिका १ बस्ने ३८ वर्षीय बिनोद सोनार रहेका छन् । सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट चाकडचौडाबाट खटिएको एपीएफ टोलीले सोनारलाई उक्त रकमसहित पक्राउ गरेको हो । भारतबाट नेपालतर्फ आउँदै गरेका सोनारलाई एपीएफ टोलीले जाँच गर्दा उनको साथमा उक्त रुपैयाँ फेला परेको र उक्त रुपैयाँको श्रोत खुलाउन नसकेपछि पक्राउ गरिएको हो । पक्राउ परेका सोनारलाई बरामद रुपैयाँसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको छ ।

यसैबीच सुनसरीको कोशी गााउँपालिका ३ केराबारीस्थित सीमा ईलाकाबाट एपीएफ टोलीले विभिन्न किसिमको लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही जिल्लाको ईटहरी उपमहानगरपालिका १ बस्ने ४० वर्षीय राम प्रवेश वि.क. र ४२ वर्षीय अशोककुमार साह रहेका छन् । को २२ प ५१५२ नम्बरको मोटरसाइकलमा सवार उनीहरुलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट श्रीपुरबाट खटिएको एपीएफ टोलीले जाँच गर्दा उनीहरुको साथमा डाईलेक्स डिसी १५ बोतल र नाईट्रोजन ट्याब्लेट १७ वटा फेला परेपछि पक्राउ गरिएको हो । एपीएफ टोलीले त्यसबेला निजहरुको साथबाट ३ हजार ५ सय ६५ रुपैयाँ तथा दुई वटा मोबाईल सेट समेत बरामद गरेको छ। एपीएफ टोलीले पक्राउ परेका दुवै जनालाई बरामद लागूऔषध, रुपैयाँ तथा मोबाईल सेटसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाएको छ ।

यसैबीच रुपन्देहीको कोटहीमाई गाउँपालिका ६ स्थित सीमा ईलाकाबाट एपीएफ टोलीले करीब तीन केजी चाँदी जस्तो देखिने गहनासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही जिल्लाको समरीमाई गाँउपालिका ४ बस्ने १८ वर्षीय ईशाद अलि छन् ।

सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट मझगावाबाट खटिएको एपीएफ टोलीले निज अलिलाई उक्त चाँदी जस्तो देखिने गहनासहित पक्राउ गरेको हो । नेपालबाट भारततर्फ जाँदै गरेका निज अलिलाई एपीएफ टोलीले जाँच गर्दा उक्त चाँदी जस्तो देखिने गहना फेला परेपछि पक्राउ गरिएको हो ।

यसैबीच सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ गण झापाबाट खटिएको एपीएफ टोलीले करीब चार लाख ५० हजार रुपैयाँ बराबरको सुपारी तथा ओखर बरामद गरेको छ । झापा जिल्लाको मेचीनगर नगरपालिका ६ स्थित नकलबन्दामा वेवारिसे अवस्थामा रहेको उक्त सुपारी तथा ओखर बरामद गरिएको हो। यसैगरी बाँके जिल्लाको डुडुवा गाउँपालिका १ चौखेरीपाजास्थित राप्ती नदीको किनारबाटे एपीएफ टोलीले करीब दुई लाख ७० हजार रुपैयाँ बराबरको चोरीपैठारीको सुर्तिजन्य पदार्थ बरामद गरेको छ। भारतबाट नेपालतर्फ अवैध रुपले ल्याउँदै गरेको उक्त सुर्तीजन्य पदार्थ सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट गंगापुरबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो।

यसैगरी महोत्तरीको मनरा शिसवा नगरपालिका २ पिपहरुवाबाट एपीएफ टोलीले करीब दुई लाख ४७ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ ।

# अवरुद्ध सडक सञ्चालनमा ल्याउने तयारी



**काठमाडौं/मस–** सरकारले अविरल वर्षासँगै आएको बाढीपहिरोका कारण अवरुद्ध पुल सञ्चालनमा ल्याउने तयारी गरेको छ। सडक विभागले पुरिएका सडक र पुलमा रहेका अवरोध हटाउने तथा पुल नै बगाएका स्थानमा बेलिब्रिज राखेर सञ्चालनमा ल्याउने तयारी गरिरहेको छ । असार र साउन महिनाको नियमित वर्षाका कारण देशभरका चार रणनीतिक सडकमा पुल अवरुद्ध भएका थिए। वर्षाका कारण बेनी-जोमसोम-कोरोला सडकको एउटा पुल बग्दा त्यहाँ बेलिब्रिज राख्ने काम भइरहेको छ। पुल बग्दा सो सडक लामो समयसम्म अवरुद्ध रहेको थियो । सडकमा रहेको अवरोध हटाउँदा पनि पुल नबन्दा सडक पूर्णरुपमा सञ्चालनमा आउन नसकेको हो। यस्तै असार २५ देखि अवरुद्ध रहेको अरनिको राजमार्गको एउटा सडक पुलमा रहेको अवरोध हटाउने काम भइरहेको विभागले जनाएको छ ।

विभागका महाशाखा प्रमुख दीपक भट्टराईका अनुसार अरनिको राजमार्गको झ्यालेको पुल बगाएको र खग्दोल खोलामा पहिरो आएर क्षति भएको डिभिजन सडक कार्यालय चरिकोटले जनाएको छ। उनले सकेसम्म चाँडो पुलमा रहेको अवरोध हटाएर सुचारु गरिरहेको बताए ।

यस्तै पृथ्वी राजमार्गअन्तर्गत मौवा खोलामा माथिबाट आएको पहिरोका कारण सडक झण्डै एक सातासम्म अवरुद्ध थियो । अहिले उक्त स्थानमा डिभिजन सडक कार्यालयले पुल सञ्चालनमा ल्याइसकेको छ। त्यस्तै, साँफेबगर-मार्तडी सडक पनि पहिरोका कारण अवरुद्ध रहेकामा उपकरण लगेर हटाइरहेको छ । पहिरो हटाएको स्थानमा वर्षा रोकिनासाथ एकातर्फी रुपमा सडक खुलाइएको सडक सम्भार महाशाखा प्रमुख भीमार्जुन अधिकारीले बताए ।

## सम्पादकीय

# खोजी राष्ट्रिय एकताको

लकडाउन खुलेपछि संक्रमण बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलले दिनहुँ पत्रकार सम्मेलन मार्फत् लकडाउन खुलेपछि संक्रमण बढेकाले सतर्कता अपनाउन आग्रह गरिरहेको छ । लकडाउन खुलेको १३ दिनमा विशेषगरी राजधानी उपत्यका, विराटनगर महानगरपालिका, वीरगञ्ज महानगरपालिका लगायत ठूला शहर हरूमा संक्रमितको संख्या धेरै देखिएको छ । राजधानी उपत्यका प्रवेश हुने मुख्य तीन नाका भीमफेदी, साँगा र नागढुंगामा संकलन गरिएको स्वाबको रिपोर्टमा ४० जनामा संक्रमण पुष्टि भएको छ ।

१२० दिन लामो लकडाउनले रोग भन्दा भोकको बढी चिन्ता देखिएपछि खुला भएको बातावरणमा झनै जोखिमको खतरा बढेर गएको छ । कतिपयले यो जोखिमबाट बच्न फेरि लकडाउनकै सुझाव दिइरहेका छन् भने कतिपयले कर्फ्यूकै आवश्यकता महशुस गरिरहेका छन् । यस्तो बेला सुझाव लिन विषय विज्ञहरूसँग प्रधानमन्त्री केपी शर्मा ओली मंगलबार आफ्नै सरकारी निवासमा छलफल राखेका थिए । छलफलका क्रममा प्रधानमन्त्री ओली आफैले जोखिमको खतरा बढेको मात्रै बताएनन्, संकटका बेला एक हुनुपर्ने आवश्यकताबारे समेत आग्रह गरे । सँगै, प्रधानमन्त्री ओलीले आफ्नै पार्टीका नेताहरू विरूद्ध कडा आक्रोश पनि पोखेका छन् ।

विज्ञहरूसँग राजनीतिक आक्रोश पोख्दै प्रत्रानमन्त्री ओलीले महामारीको संकटबारे आफ्नै पार्टीका नेताहरू गम्भीर नभएको आरोप लगाए । २५ जना भन्दा बढी एक ठाउँ बस्नु खतरा भएपनि ४५० जना रहेको केन्द्रीय कमिटी बैठक संभव नहुने प्रधानमन्त्रीको भनाइ थियो । प्रधानमन्त्री ओलीले ४४ जना रहेको स्थायी कमिटी र ४५० जना रहेको केन्द्रीय कमिटी बैठकको माग गरेर नेकपाकै नेताहरूले संकटलाई गम्भीरतापूर्वक नलिएको बताएका थिए ।

अर्थात्, मिर्गौला पुनःप्रत्यारोपण पछाडि पातलो मात्रामा सार्वजनिक अभिव्यक्ति दिदै आएका प्रधानमन्त्री ओलीले फेरि नेकपाभित्रै विवाद बढाएको प्रष्ट हुन्छ । किनभने, प्रधानमन्त्री ओलीले जस्तो अभिव्यक्ति दिए, यसले नेकपामा उनी इतरका नेताहरूले पक्कै प्रश्न उठाउने संभावना छ । अझ, विपक्षी दल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र जनता समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर समेत सहभागी छलफलमा प्रधानमन्त्रीले दिएको अभिव्यक्ति स्वयम्मा एकता नभएर तिक्तता बढाउन प्रेरित हुनसक्छ । सीमा समस्या, कोभिड महामारी, प्राकृतिक प्रकोप जस्ता समस्या हल गर्न अहिले सवै राष्ट्रिय एकताको खाँचो छ । तर, यस्तो मुलुकको प्रमुख कार्यकारी र सत्तारूढ दलकै अध्यक्षबाट तिक्तता बढाउने कामले मुलुकको हित हुनसक्ने देखिदैन । प्रधानमन्त्रीको दायित्व पनि अहिले तिक्तता बढाउने नभएर राष्ट्रिय सहमति जुटाउनेतिर केन्द्रीत हुन जरूरी छ ।

## सामाजिक सञ्जाल



जसरी एउटा डाक्टरबाट सबै रोगहरूको उपचार सम्भव हुँदैन, त्यसरी नै विद्रोही हुनको लागि हरेक विषय वा मुद्दामा बोल्नैपर्छ भन्ने हुँदैन । कुन विषय वा मुद्दामा बोल्ने जति कै जरूरी छ(कुन विषय वा मुद्दामा नबोलिकन बस्ने भन्ने कुरा । 'बोल्नु' जतिकै महत्त्वपूर्ण कुरा हो, 'नबोली' बस्न सक्नु ।

**– सरस्वती प्रतीक्षा**




प्रधानमन्त्री केपी ओलीले अहिले अलि कुरा बुझ्छेन जस्तो छ । चम्चाहरूको ट्याङट्याङ र आफ्नो हठे निर्णयमा पहिला लकडाउन गरेका उनले अहिले प्रतिपक्षी नेता सहित विज्ञहरूसँग छलफल गरेछन । छलफलको निचोड मान्छन कि चम्चातिरै तेर्सिन्छन, त्यो समयले बताउँला ।

**– नारायण पौडेल**



यो देशमा जन्मिनु नै हाम्रो दुःखको कारण हो । अब जन्मिसकेपछि भोग्नुको विकल्प पनि छैन । जे गरून्, त्यसको पाप अवश्य भोग्नेछन् ।

**– रामकृष्ण शर्मा**



आजकालको रिलेसनसिप चुइङगम जस्तो चपायो चपायो थुकिदियो ।

**– आर लभर**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# विवाद बल्झाएर बन्दैन नेकपा



■ शैलेन्द्र घिमिरे

> “ हामीले सिकाएको विधिले भन्छ– सक्षमहरूलाई उकेरो नलगाऊ । सक्षमहरूलाई जोगाऊ र त्यो डिउटीमा लगाऊ जसले परिणाम दिन्छ ।

'हाम्रो आन्दोलनको गौरवशाली यात्रा कुनै एक नेताको आयुसँगै सकिने नबनाइयोस् । आँखा नछोपियोस् र नभनियोस् कि म नियम मान्दिनँ । कथित घरवेटीले डेरा खोज्न थालेपछि बुझ्हेहुन्छ, घर भत्किँदैछ वा तिनले त्यसमा आगो झोस्ने छन् ।'

विचारविहीन सत्ता दृष्टिविहीन हुन्छ । यही बुझेर होला कवि भूपी शेरचनले २०२५ सालमा 'घुम्ने मेचमाथि अन्धो मान्छे' शीर्षकमा कविता लेखे । सत्ता दृष्टिविहीन भएपछि शासकहरु भ्रममा नपर्ने कुरै भएन । सायद यही कारण होला नेपालमा राजा त्रिभुवनले पटक-पटक भनेका थिए रे-के नेपाली जनताले दूध-भात पनि खान पाँउदैनन् ?

सोभियत सत्ताका अन्तिम राष्ट्रपति मिखायल गोर्भाचोभलाई लाग्दथ्यो-सोभियत सत्ता अटल छ । पोलिटब्युरो बैठकमा एक सदस्यले गोर्भाचोभको सुधारलाई मजाकका रुपमा अर्थ्याउँदै भनेका थिए, "महासय तिमीले गल्ती गर्दैछौ ।"

त्यतिबेला ती सदस्यको भनाइलाई कसैले पत्याएनन्, हाँसोमा उडाए ।

तर, एकाबिहानै सोभियत कम्युनिस्ट पार्टीका महासचिव तथा सोभियत संघका अन्तिम राष्ट्रपति तथा सुप्रिम सोभियतका अध्यक्ष आफ्नो कार्यालय जानै पाएनन् । सोभियत लालसेना एल्त्सिनका अगाडि रुझेको बिरालोजस्तै पिटर्सवर्गका सडकमा निरीह देखियो । सोभियत पोसाक भए पनि सेना सोभियत भएन । तात्कालिन संसद दुमामाथि पूर्व लालसेनाकै अगुवाइमा भीषण बमबारी गरियो। मिखायल गोर्भाचोभ सत्ताच्युत भए र त्यही पार्टीका पूर्व पोलिटब्युरो सदस्य वोरिस एल्त्सिन दक्षिणपन्थीको नेतृत्व गर्दै रसियाली राष्ट्रपति एवं सेना प्रमुख बने ।

एसियाको नयाँ सितारा र मुस्लिम समाजवादका नायकका रुपमा चिनिएका अफगानिस्तानका राष्ट्रपति नाजिबुल्लाह काबुलस्थित आफ्नै निवासमा सोभियत सेनाको सलामी लिँदै गर्दा साम्राज्यवादी षड्यन्त्रमा परे । राजधानी एकाएक अतिवादीहरुको कब्जामा गयो र कम्युनिस्टहरुलाई खोजीखोजी मारियो ।

पञ्चायतको अन्तिम-अन्तिम समयमा काठमाडौं सयर गरेर फिर्ता भएका रुमानियाली राष्ट्रपति निकोलाई चाउचेस्कु एकबिहान मर्निङ वाकबाट निवासमा फर्किन पाएनन् । उनलाई सीआईए परिचालित जत्थाले घेरा हाल्यो र माऱ्यो । सत्ताको एक विशेषता छ । प्रत्येक दिन षड्यन्त्रका तानावाना बुनिन्छन् जबसम्म षड्यन्त्र पराजित हुन्छ यो मजाको हुन्छ तर षडयन्त्र सफल भयो भने त्यो त्यतिनै क्रुर र खतरनाक हुन्छ ।

हाम्रोमा पनि सत्ता छ र कयौंपटक अन्धो भएको छ । अन्धो भएकै कारण सकिएको पनि छ । पञ्चायत ढल्नुभन्दा दुई वर्षअघि भएको स्थानीय निर्वाचनमा ९६ प्रतिशत स्थान पञ्चायतले जितेपछि युरोपियन देशका एक जना पत्रकारले विश्वले नेपालका राजा वीरेन्द्रमार्फत राजनीति गर्न सिक्नुपर्ने बताएका थिए । तर, दुई वर्षमै मरिचमानबाट लोकेन्द्रमा आएर पञ्चायत सकियो ।

२०६२/०६३ मा तात्कालीन शाही सेनाले बालाजुमा जनताको जुलुसमाथि स्वचालित राइफलबाट गोली चलाउँदै गर्दा कमल थापालाई लाग्दथ्यो- नेपालको सत्तामा तिनको पुस्तौनी हक छ । तर, त्यही गोलीका पर्राबाट बिजारोपित गणतन्त्र काठमाडौंमा उभिएन मात्र राजालाई एक गोली नपड्काई दरबार छाड्न बाध्य बनायो । थापालाई डेरा सर्न साँझ कुर्नुपर्ने बाध्यता पऱ्यो र उनी लुकीलुकी मन्त्री निवासबाट डेरा सरे । यो ज्ञानेन्द्र अतिवादको पराजय थियो । जुन पराजयलाई नेपालको राजनीतिक नेतृत्वले सुझबुझपूर्ण तरिकाले निष्कर्षमा पुर्याएको थियो ।

एक समय थियो-कम्युनिस्टहरु लुकीलुकी हिँड्थे । एक बेला थियो- कम्युनिस्टहरु आतंककारी ठहर्थे र गिरफ्तारीपछि तिनको ज्युँदै आँखा निकालिन्थ्यो, स्तन काटिन्थ्यो र उनीहरु पराजित भएको उत्सव मनाइन्थ्यो । तर, इतिहास सधैँ त्यस्तो रहेन । पराजित भए भनिएकाहरु बौरिएर सडक तथा जंगलभरी भए र उत्सव मनाउनेहरु नराम्ररी पछारिए ।

आज तिनको एजेन्डामा देश छ । जनताको लालसामा विकास छ, जो कम्युनिष्टहरुले जगाएका हुन् । आज हरेक क्रियाको प्रतिक्रिया तत्काल सडकमा देखिन्छ, जो कम्युनिस्टले बनाएका हुन् । आज नबोल्नेहरु भनिएका पनि बोल्छन किनकि तिनलाई थाहा छ- एक विस्मयकारी यात्राको महानायक तिनीहरुसँग छ । आज मान्छेले सहने कुरा गर्दैन, प्रतिकारको कुरा गर्छ, जो समाजवादको सपनाले सिकाएको छ । कहिलेकाहीँ यस्तो भइदिन्छ कि सत्तामा बसेकाहरुले एजेन्डा बिर्सिन्छन्, साँघुरा भैदिन्छन् । तिनलाई लाग्छ कि तिनको ताल नमिलेको लयमा पनि भाँती छ । जनताको मौनतालाई तिनले रमाइलो मान्छन् र जनता आफूसँगै भएको ठन्दछन् । तिनले जे गरेपनि छुट छ भन्ने मान्दछन् । तर, हकिकत त्यस्तो हुँदैन । जब जनता जाग्छन्, एक निमेषमै चित्रहरु फेरिन्छन् र नयाँ इतिहास कोरिन्छ ।



हो, हामी राष्ट्रवादी हौँ । कम्युनिस्टहरु अन्तर ाष्ट्रियतावादी अवश्य हुन र राष्ट्रवादका असल हिमायती पनि हुन् । नेपालको इतिहासले त्यही भन्छ । कोसी, गण्डक, महाकाली सन्धि र नाकाबन्दी सबैमा कम्युनिस्टहरुले आफ्नो कित्ता प्रष्ट्याएका छन् । इतिहासको एक मोडमा नेपालको नदी छिमेकीलाई दान गर्न हदैसम्मको हर्कत गर्नेहरु एकाएक छद्म राष्ट्रवादी बन्ने कुरा सुन्नेलाई अचम्म नलागे पनि बुझ्नेलाई भने अचम्म लाग्छ ।

छलछाम राष्ट्रवाद होइन । संवाद शून्यतामा देशलाई पुऱ्याएर हामी चित्रमा मात्र अल्झिने विचित्रको राजनीतिमा छौँ । त्यतिमात्र होइन हामी एमसीसीको पछि छौँ । सारा ब्रमाण्डलाई थाहा छ-एमसीसीका पिर्कामा उभिएर समाजवादको सपना पूरा हुँदैन । एमसीसीमा हाम्रो अहितका विषयहरु छन् भनेर अध्ययन कार्यदलले बुझाउँदा पनि हामीलाई लागिरहेको छ कि उनीहरु हाम्रा मामातिरका हुन् । एमसीसीले हामीलाई अफगानिस्तान बनाउँछ, हैटी बनाउँछ। जर्जरता दिन्छ र भन्नेछ- तिमीले तिम्रो देश चलाउन सकेनौ । यो हकिकत हो, तर सत्तासिनहरुलाई त्यस्तो लाग्दैन एक दिन र मात्र एकछिन हाम्रो सत्ता लम्बिनुपर्छ, कुरो यत्ति छ । आफू 'मरे के राजा' भनेझैँ भन्ने गरिएको परलोकसम्मै सत्ता लैजान लालायितहरु विधिमा छिर्दैनन्, नियम मान्दैनन् । मानौं तिनीहरु नियम नमानेरै जन्मिएकाहरु हुन् । तिनीहरु सडकमा जान्छन् र अन्तरपार्टीको कुरालाई छताछुल्ल पार्छन् । एक टुक्रो पार्टी सदस्यता पाउन एक आधारभूत वर्गको मानिसलाई खुवाइएको सपथ र बनाइएको नियमको नौ हण्डर तिनलाई ज्ञान हुँदैन । तिनलाई जगत मिथ्या मात्र थाहा छ । तिनीहरु एक घेरामा छन्, घेरा र फेराले के भन्छ त्यही तिनको विज्ञानको अन्तिम सत्य हो ।

रेल र तेल गत निर्वाचनमा विकेको कुरा हो । यही चालाले हामीलाई न रेल दिन्छ न तेल दिन्छ । निर्वाचनको घोषणा पत्रमा के छ ? सरकारमा बसेकाहरुले बिर्सेका छन् । स्थानीय सत्ता मियो नभएझैं प्रतिवद्धताबाट खस्किएको छ । तिनलाई मियोमा हाल्न सक्दा मात्रै दुई वर्षमा हामीले आजभन्दा कयौं गुणा प्रगति गर्न सक्छौं । नगर्दा हामी सकिन्छौं । मानिसले अर्को निर्वाचनमा बाल्टीमा पानी राखेर कागजको डुंगा देखाए भने हाम्रो जवाफ के हो, भोट बटुल्ने जमिनको पार्टी पंक्तिलाई 'थाहा' चाहिएको छ । हामीले सिकाएको विधिले भन्छ- सक्षमहरुलाई उकेरो नलगाऊ । सक्षमहरुलाई जोगाऊ र त्यो डिउटीमा लगाऊ जसले परिणाम दिन्छ ।

यसका लागि हामीले कम्युनिस्ट भएर सोचौं । जबसम्म हामी गुटका मात्र भएर सोच्छौं, हामीलाई यथार्थताको बोध हुँदैन । आजको टकराव गत निर्वाचनको हाम्रो प्रतिवद्धतालाई प्राण दिने प्रयत्न हो । महामारी र बाढीमा यस्तो कुरा गर्नु हुँदैन भन्ने तर्क बेइमानी हो । किनकि कठिनाई नआइ कसैको परीक्षा हुँदैन । जब पारलाग्ने देखिँदैन विकल्प सोच्न एक सेकेन्ड मात्र ढिला गर्नु जनतालाई धोका दिनु हो । यसरी भएन भनेर अर्को सत्य उत्खननको यत्न आजको नेकपाभित्रको अन्तर संघर्ष हो । यो यत्नलाई परिणामसम्म पुग्न दिऊँ । कार्यकर्तालाई नियमको चुक्लीमा कसेर आफू नियममा नछिर्नु भन्दा बेइमानी कम्युनिस्ट आन्दोलनमा अरु के हुन सक्छ । कृपया कम्युनिस्ट आन्दोलनको गौरवशाली यात्रा कुनै एक नेताको आयुसँगै सकिने नबनाइयोस् । आँखा नछोपियोस् र नभनियोस् कि म नियम मान्दिनँ । कथित घरबेटीले डेरा खोज्न थालेपछि बुझ्हेहुन्छ कि घर भत्किँदैछ वा तिनले त्यसमा आगो झोस्ने छन् । यसका विरुद्ध खबरदारी गरौं । आज डबल नेकपाको विकल्प डबल नेकपा नै हो ।

# लकडाउनमा आयआर्जनको बाटो



केशव आचार्य

> भौतिक दुरी कायम गर्ने, उत्पादनमा लाग्ने र उत्पादित वस्तुको गुणस्तर मापन गर्ने गरिएको छ । विदेशमा सम्भावना भएको कुरालाई नेपालमा पनि कार्यान्वयन गर्न नसकिने होइन ।

लकडाउन भए पनि मान्छेको भान्सा बन्द हुँदैन । जसरी पनि पेट पाल्नै पर्ने हुन्छ । तत्कालका लागि धेरै मान्छे जमघट भएर काम गर्ने अवस्था पनि छैन । सानोतिनो व्यवसाय गरेर आयआर्जनतिर लाग्नुपर्छ । तरकारी तथा फलफूल बिक्री नभएर किसानले खेर फालिरहेका कुराहरु पनि आएका छन् । विराटनगरमा दुग्ध विकास संस्थानले दूध बिक्री नभएर किसानलाई पैसा दिनै सकिरहेका छैनन् ।

एकातिर नेपालको उत्पादन खेर गइरहेको छ भने अर्कोतिर भारतबाट अरबौं रुपैयाँको तरकारी तथा फलफूल आयात पनि भइरहेको छ । यसरी हेर्दा हामीले हाम्रो उत्पादनलाई अलि व्यवस्थित गर्न सकेनौं भन्ने पनि लाग्छ ।

कृषि मन्त्रालय, वाणिज्य मन्त्रालयलगायत सरकारका निकायले नेपाली तरकारी र उत्पादनलाई रोकिएको छैन भन्छन् । बरु ढुवानी खर्चमा आधा अनुदान दिइएको सरकारले बताउँदै आएको छ । जहाँ दूध र तरकारी उत्पादन हुन्छ, त्यहाँ समुदायका मान्छेहरु मिलेर सहकारीजस्तो बनाएर बजारसम्म पुर्याउने संयन्त्र खडा गर्नुपर्ने देखिन्छ ।

तरकारी बिकेन भनेर फाल्ने होइन । लगेर हुत्याउने होइन । साग छ भने त्यसलाई गुन्द्रुक बनाएर राख्नुपऱ्यो । मुला, काउली, गोलभेँडा, काउलीलगायतबाट हामीले अरु धेरै सामग्री बनाउन सक्छौं । बारीमा कुहिएर जान लागेको छ भने त्यसलाई टिपेर चना, सिन्की बनाउने, अचार बनाउने गर्नुपर्छ । सबै किसानले आफ्नो उत्पादन एक ठाउँमा राखेर बजारसम्म पुर्याउने पद्धति हामीले विकास गर्नुपर्छ ।

किसान एम्बुलेन्स भनेर पाल्पाबाट सुरु भएको छ । यो कार्यक्रम अनुसार किसानको बारीमा गएर उत्पादन टिपेर ल्याउने, उपभोक्ताको घरमा लगेर बिक्री गर्ने गरिन्छ । त्यसका लागि सरकारले पनि सहुलियत दिएको छ । यो लकडाउनको समयमा साना किसान केन्द्रीय सहकारी सङ्घले १२ वटाभन्दा धेरै आफ्नो गाडी राखेर कृषि उत्पादन बिक्री गरिरहेको छ । उनीहरुले गएको माघ फागुनतिर जोमसोमबाट तोरीको साग लिएर आएका थिए ।

अहिले लहानदेखि आँप, लिची लिएर आउने गरेका छन् । उनीहरुले जति पनि कृषि सामग्री छन्, घरघरमा पुर्याइरहेका छन् । साना किसान केन्द्रीय सहकारी सङ्घजस्ता संस्थाहरुसँग सहकार्य गरेर पनि बजार सुनिश्चित गर्न सकिन्छ ।

हामी सबैको घरघरमा उत्पादन हुने मस्यौरा, गुन्द्रुक पनि विदेशबाट ल्याउनुपर्ने लाजमर्दो अवस्था छ । म आफै पनि केटाकेटी छँदा तराईमा कुपिन्डो, पहाडतिर कर्कलोको मस्यौरा बनाएर मजाले सुकाइरहेका देख्थेँ । तर अहिले बजारमा त्यस्ता सामग्रीहरु पनि विदेशबाट आयात गरिएको पाइन्छ । फर्सीको बियाँ ११ देखि १२ सय रुपैयाँ किलोको पर्ने रहेछ । त्यो पनि हामीले उत्पादन गरेर बजारसम्म लैजान सकेनौं । फर्सीको बियाँको ठूलो बजार रहेछ भनेर सरकारले पनि आमनागरिकलाई बुझाउन नै सकेन ।

यसले रक्तचाप, मधुमेहलगायतका बिरामीलाई राम्रो गर्छ भन्ने कुरा नै हामी कतिपयलाई थाहा नै छैन । कतिपय गाउँमा त फर्सीलाई गाईभैँसीको कुँडोको रुपमा पनि बनाइरहेको पाउँछौं ।

त्यसैले यस्तो सामान्य कुरामा हामीले अब ध्यान पुऱ्याउनै पर्छ । जाबो फर्सीको बियाँ अमेरिकाबाट आउँछ । लाजमर्दो कुरा हैन त यो ? यसमा गर्ने किसानको कुनै दोष छैन । बाहिर बजारमा के भइरहेको छ भन्ने कुरा त उसलाई के थाहा हुन्छ र ? तर सरकारलाई नेपालमा के के भित्रिरहेको छ भने थाहा हुन्छ । सरकारले यतातिर ध्यान दिनुपऱ्यो ।

आजभन्दा ३० देखि ४० वर्ष पहिले रेडिमेड लुगा लगाउने भनेको हुने-खाने या भनौं ठूला मान्छेले हो भनेर बुझ्दथे । आफैंले सिलाएर लगाउनेहरु गरिबहरु हुन् भनेर बुझिन्थ्यो । तर अहिले हातले सिलाएको राम्रो हुँदो रहेछ भनेर मान्छेले बुझ्न थालेका छन् ।

त्यसैले अब नेपाली उत्पादनमा जोड दिनुपर्ने समय आएको छ । हामीले हाम्रो उत्पादनलाई बढाएर विदेश निर्यातसमेत गर्नुपर्छ यस्ता सामग्रीहरुको ।

उत्पादन भएका वस्तुको गुणस्तर नाप्ने कुरामा पनि सरकारी ध्यान जानुपर्छ । यो खानयोग्य छ, यसमा विषादी छैन, यो सडेगलेको छैन भनेर उपभोक्तालाई ढुक्क हुनका लागि गुणस्तर मापन गर्नुपर्छ । भौतिक दुरी कायम गरेर भए पनि यी कामहरु हामीले गर्न सक्छौं ।

भारत, बङ्गलादेशलगायत देशमा पनि यसैगरी भौतिक दुरी कायम गर्ने, उत्पादनमा लाग्ने र उत्पादित वस्तुको गुणस्तर मापन गर्ने गरिएको छ । विदेशमा सम्भावना भएको कुरालाई नेपालमा पनि कार्यान्वयन गर्न नसकिने होइन । मिडिया, सामाजिक सञ्जालहरुमा पनि हाम्रो उत्पादन बाहिरबाट ल्याइएका सामग्रीभन्दा राम्रो र स्वास्थ्यको हिसाबले स्वस्थकर छ भनेर प्रचार गर्नुपर्यो । सरकारले गर्नुपर्ने पनि यही नै हो ।

हरेकले आफ्नो घरमै बसेर आयआर्जन गर्ने वातावरण मिलाउन सरकारले पूर्वाधारको व्यवस्था मिलाउनुपर्छ । यो समयमा कोरोना संक्रमणको खतरा पनि रहेकोले त्यसो हुन नदिन पनि घरमै बसेर गर्ने व्यवसायको प्रवर्द्धन गर्नुपर्छ । अहिले ७७ वटै जिल्लामा कृषि कार्यलयहरु छन् । नेपालको नयाँ संविधानले पनि कृषि व्यवस्थाको जिम्मेवारी पालिकालाई दिएको छ । संघीय मन्त्रालय, प्रदेश मन्त्रालय, पालिका र किसानको समन्वयमा पूर्वाधार खडा गरे कृषिमा जेलिएका हरेक समस्याको समाधान हुन्छ ।

नेपालमा अरबौं रुपैयाँको कृषि सामग्री भारतबाट खुरुखुरु आउँदो रहेछ र व्यवस्थापन गर्न सके नेपाली उत्पादन बेच्न समस्या छैन रहेछ भन्ने कुरामा सबैले हेक्का राख्नुपर्यो । पालिका सरकारहरुले त्यहाँको उत्पादनको व्यवस्थापनको लागि संकलन केन्द्र र प्रशोधन केन्द्रहहरुको विस्तार गर्नुपर्छ ।

# 'कोरोनाविरुद्धको प्रभावकारी खोप पत्ता नलाग्न पनि सक्छ'




**काठमाडौं/एजेन्सी–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का प्रमुखले कोरोना भाइरसविरुद्धको खोप चाँडै उपलब्ध हुने आश रहे पनि उपयुक्त खोप कहिल्यै पत्ता नलाग्ने सम्भावना पनि रहेको बताएका छन् । डब्लुएचओका महानिर्देशक डा. टेडरोज आध्यनोम गेब्रेयेसोसले पत्रकार सम्मेलनमा भनेका छन्, 'अहिले कुनै पनि सिल्भर बुलेट छैन-र कहिल्यै नहुन पनि सक्छ ।'

डब्लुएचओ प्रमुख डा. टेडरोजले विश्वभरका मानिसलाई सामाजिक दूरी, हातको सफाइ तथा मास्क प्रयोग गर्नेसहितका उपायहरु अपनाउन अपिल गरेका छन् । विश्वभर कोरोना भाइरसबाट अहिलेसम्म एक करोड ८० लाख भन्दा बढी मानिस संक्रमित भएका छन् । त्यसमध्ये ६ लाख ८९ हजार भन्दा बढीको ज्यान गएको छ ।

जेनेभामा भएको पत्रकार सम्मेलनमा डा. टेडरोजले भने, 'केही खोपहरु अहिले तेस्रो चरणको मानवीय परीक्षणको चरणमा छन् । र आशा छ कि संक्रमणबाट जोगाउने खोप प्राप्त हुनेछ ।'

उनले अघि भने, 'तर अहिले नै हामीसँग सिल्भर बुलेट छैन र नहुन पनि सक्छ । अहिलेका लागि महामारी नियन्त्रणमा लिने उपलब्ध उपाय भनेको परीक्षण, आइसोलेशन र बिरामीको उपचार नै हो । यस्तै संक्रमितको सम्पर्कमा आएका व्यक्तिको खोजी गरी क्वारेन्टिनमा राखिनुको विकल्प छैन ।'

यस्तै प्रमुख डा. टेडरोजले कोरोना भाइरसको संक्रमण भएका आमाहरुलाई सन्तानलाई दूध चुसाउन नछोड्न पनि आग्रह गरेका छन् । दूधबाट संक्रमण नफैलिने भएकाले स्तनपान जारी राखिनु पर्ने उनले बताएका हुन् ।

डाक्टर टेड्रोसले जून महिनामा भनेका थिए, 'हामीलाई यो थाहा छ कि ठूलाको तुलनामा बच्चामा कोभिड-१९ को जोखिम कम हुन्छ तर अन्य यस्ता थुप्रै रोग छन् जसका कारण बालबालिकालाई अत्यधिक खतरा हुनसक्छ र स्तनपानले नै यस्ता रोगबाट जोगाउन सक्छ । प्राप्त प्रमाणका आधारमा संगठनले भाइरस संक्रमणको जोखिमबाट स्तनपानका फाइदा अत्यधिक छन् भन्ने सल्लाह दिन्छ ।'

उनले भनेका थिए, 'जुन आमालाई कोरोना संक्रमित भएको हो कि भन्ने शंका छ वा जसको संक्रमण पुष्टि भइसकेको छ, उनीहरुलाई आफ्नो शिशुलाई स्तनपान गराउनका लागि उत्साहित गर्नुपर्छ । यदि आमाको स्वास्थ्य असाध्यै धेरै खराब भएको छैन भने नवजातलाई आमाबाट टाढा राख्नु हुँदैन ।'

यस्तै कोरोना भाइरसको उत्पत्ति वा संक्रमणको सुरुवात कहाँबाट भएको हो भन्नेबारे चीनमा डब्लुएचओको अगुवाइमा भएको अनुसन्धानको पहिलो चरण सकिएको पनि उनले जानकारी दिएका छन् ।

सरुवा रोगविज्ञहरुले चीनको वुहानस्थित मासु बजारबाट जनावर हुँदै मानिसमा कोरोना भाइरसको संक्रमण फैलिएको विश्वास गर्छन् । सोही विषयमा अहिले वुहानमा चीनका विज्ञसहित डब्लुएचओको टोलीले अनुसन्धान गरिरहेको छ । पहिलो चरण समाप्त भएको बताए पनि विवरण भने खुलाइएको छैन ।

# भारतमा एकैदिन थपिए ५२ हजार बढी संक्रमित

**काठमाडौं/एजेन्सी–** भारतमा कोरोना भाइरस (कोभिड-१९) संक्रमितको संख्या १८ लाख ६२ हजार नाघेको छ । गत २४ घण्टामा भारतका ५२ हजार ५० जनामा कोरोना भाइरस पोजेटिभ देखिएपछि संक्रमितको संख्या १८ लाख ६२ हजार नाघेको त्यहाँको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।



भारतमा गत २४ घण्टामा कोरोना भाइरस संक्रमणका कारण ८०३ जनाको मृत्यु भएपछि मृतकको संख्या ३९ हजार नाघेको त्यहाँको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ । सरकारी अधिकारीका अनुसार भारतमा कोरोना भाइरस संक्रमितमध्ये बाह्र लाख ३३ हजार भन्दा बढी व्यक्ति निको भएर फर्किएका छन् । हाल भारतमा पाँच लाख ८९ हजार भन्दा बढी कोरोना भाइरस संक्रमित अवस्थामा रहेका छन् ।

भारतको महाराष्ट्र सबभन्दा प्रभावित बढी कोरोना भाइरस संक्रमण राज्यका रुपमा रहेको छ । हाल महाराष्ट्रमा एक लाख ४७ हजार भन्दा बढी व्यक्ति संक्रमित अवस्थामा नै रहेका छन् भने १५ हजार ८ सय भन्दा बढी व्यक्तिको संक्रमणबाट मृत्यु भइसकेको छ । महाराष्ट्रमा चार लाख ५० हजार १ सय भन्दा बढी व्यक्तिमा कोरोना संक्रमण देखिएको जनाइएको छ ।

कोरोना भाइरस प्रभावित भारतको दोस्रो राज्य तमिलनाडूमा ५६ हजार ६ सय भन्दा बढी व्यक्ति संक्रमित अवस्थामा रहेका छन् भने चार हजार २ सय भन्दा बढी व्यक्तिको संक्रमणबाट मृत्यु भएको छ । राजधानी शहरसमेत रहेको दिल्ली राज्यमा एक लाख ३८ हजार ४ सय भन्दा बढी व्यक्तिमा संक्रमण भएको र ती मध्ये एक लाख २४ हजार २ सय भन्दा बढी व्यक्ति निको भएर घर फर्किएका छन् । कोरोना संक्रमणका कारण दिल्लीमा चार हजार भन्दा बढीको व्यक्तिको मृत्यु भइसेकेको बताइएको छ ।

# अमेरिकी कम्पनीलाई टिकटक बिक्री गर्न छ हप्ताको समयावधि



**काठमाडौं/एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ नागरिकको स्वामित्वमा रहेको लोकप्रिय भिडियो सेयर एप्लिकेसन टिकटक अमेरिकी कम्पनीलाई बिक्री गर्न छ हप्ताको समयावधि दिएका छन् । राष्ट्रपति ट्रम्पले टिकटकलाई अमेरिकामा प्रतिबन्ध लगाउने संकेत गरेलगत्तै माइक्रोसफ्ट समेतका कम्पनीहरु अहिले टिकटक खरिद गर्ने प्रक्रियामा रहेका छन् ।

ट्रम्प प्रशासनले अमेरिकी राष्ट्रिय सुरक्षाको विषय उठाउँदै टिकटक एप्स अमेरिकी कम्पनी मार्फत अमेरिकामा डाउनलोड गर्न र हेर्न पाइने व्यवस्था गर्न लागेको हो । राष्ट्रपति ट्रम्पले टिकटकलाई अमेरिकी कम्पनीमार्फत मात्र अमेरिकामा प्रवेश गर्न दिइने बताउँदै यस्तो कदम अमेरिकाको सुरक्षाका निम्ति चाल्नु परेको स्पष्ट गरे ।

ट्रम्पले टिकटक खरिद गर्न माइक्रोसफ्टले वार्ता गरिरहेको बताए । टिकटकका अहिले विश्वभर एक अर्ब प्रयोगकर्ता रहेका छन् । खासगरी युवाबीच निकै लोकप्रिय टिकटकबाट ६० सेकेन्डका भिडियोहरु बनाएर पोस्ट गर्न सकिन्छ । तर अमेरिकी अधिकारीहरुले लाखौं अमेरिकीका निजी गोपनीय विवरणहरुलाई चिनियाँ गुप्तचर निकायहरुले चीन लैजाने खतरा रहेको दाबी गर्दै आइरहेका छन् ।

चिनियाँ कम्पनी बाइटडान्सको स्वामित्वमा रहेको टिकटकलाई आगामी सेप्टेम्बर मध्यसम्ममा सम्झौता गरिसक्न अमेरिकी प्रशासनले म्याद दिएको छ । राष्ट्रपति ट्रम्पले भने, 'मैले सेप्टेम्बर १५ सम्मको म्याद दिएको छु, त्यस समयभित्र कुनै सम्झौता नभए टिकटक संयुक्तराज्य अमेरिकामा बन्द हुन्छ ।'

# चीनले लद्दाखमा खटायो १७ हजार सैनिक




**काठमाडौं/एजेन्सी–** चीनले भारतसँगको सीमाक्षेत्र लद्दाखमा १७ हजार सैनिक तैनाथ गरेको छ । जमिनी र वायु युद्धमा लामो दुरीसम्म मार हान्नसक्ने अत्याधुनिक क्षेप्यास्त्र र ट्यांकसहित चीनले लद्दाखमा सैन्य उपस्थिती बढाएको हो । लद्दाखको गलवान उपत्यकामा असार १ राती भएको झडपमा भारतका २० सैनिकको मृत्यु भएको थियो । दर्जनौं सैनिकलाई गम्भीर घाइते अवस्थामा अस्पताल ल्याएपनि त्यसयता सैनिक हताहति भएरनभएकोबारे भारतले थप जानकारी गोप्य राखेको छ ।

चीनले भने अहिलेसम्म आफ्नोतर्फ भएको सैन्य हताहतिबारे कुनै जानकारी दिएको छैन । चिनियाँ सैनिकसँगको झडपमा आफ्नोतर्फ क्षति भएपछि भारतले चीनसँग वार्ता थालेको थियो। वार्तामा संलग्न भारतीय अधिकारीहरुले तत्कालका लागि सीमा विवाद हल गरेको जनाएपनि चीनले लद्दाखमा युद्धस्तरको तयारी गरिरहेको छ ।

भारतले पनि टी-९० ट्यांक खटाएको छ । बीबीसी हिन्दीका अनुसार गत आइतबार पनि भारत र चीनका सैनिक कमाण्डरबीच वार्ता भएको थियो, तर सीमा क्षेत्रमा तनाव झनै बढिरहेको छ । भारतीय अखबारहरुले नै लद्दाख सीमामा चीनले १७ हजार सैनिक परिचालन गरेको जनाएका छन् । देपसाङ र ओल्डीमा यी सैनिक खटाएको खबर सरकारी सुत्रहरुलाई उधृत गर्दै भारतीय मिडियाहरुले सार्वजनिक गरेका हुन् ।

# दक्षिण कोरियामा भिषण वर्षा, १३ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** दक्षिण कोरियामा विगत चार दिनदेखिको भिषण वर्षाका कारण मंगलबारसम्म १३ जनाको मृत्यु भएको छ भने १३ जना बेपत्ता भएका छन् । केन्द्रीय विपद निकायका अनुसार कोरियाको मध्य क्षेत्रमा अगष्ट १ देखि निरन्तर भइरहेको वर्षाले जनधनको ठूलो क्षति भएको हो । भारी वर्षाबाट राजधानी सियोल र वरपरका क्षेत्र व्यापक प्रभावित भएका छन् ।

उत्तरी चुङचियोङ प्रान्तका ५५५ परिवार समेत एक हजार २५ जनालाई सुरक्षित स्थलमा सारिएको छ । करिब ५ हजार ७५१ हेक्टर जमिन डुबानमा परेको छ भने निजी तथा सरकारी सम्पत्तिमा क्षति पुगेको छ । वर्षा प्रभावित मानिसको उद्धार एवं राहतका लागि २५ हजारभन्दा बढी प्रहरी, स्वयंसेवी र अन्य उद्धारकर्मी परिचालन गरिएको सरकारले जनाएको छ ।

# कोरोना महामारीबीच श्रीलंकामा निर्वाचन हुँदै

**काठमाडौं/एजेन्सी–** श्रीलंकामा कोरोना महामारीबीच आमचुनाव हुने भएको छ । बुधबार हुने मतदानका लागि विशेष व्यवस्था गरिएको छ । दुई सय २५ सदस्यीय संसदको चुनावका लागि सात हजार चार सय ५० भन्दा बढी उम्मेदवार चुनावी मैदानमा छन् । श्रीलंकामा झन्डै एक करोड ६२ लाख मतदाताहरुले मताधिकार प्रयोग गर्ने बीबीसीले जनाएको छ ।



बीबीसीका अनुसार झन्डै चार सय मतदाता कोरोना संक्रमणका कारण मताधिकार प्रयोगका लागि वञ्चित हुने भएका छन् । यद्यपि, बढीभन्दा बढी नागरिकले मताधिकार प्रयोगका लागि श्रीलंका सरकारले अनेक प्रकारका तयारीहरु गरेको छ ।

अस्पताल अथवा कोभिड सेन्टरमा १४ दिने क्वारेन्टिन पिरियड पूरा गरेका र होम क्वारेन्टिनमा रहेका नागरिकका लागि छुट्टै मतदान केन्द्रको व्यवस्था गरिएको छ । निर्वाचन आयोगका अध्यक्ष महिंदा देशप्रियाले चुनावी प्रक्रियाका कारण कोभिड-१९ को जोखिम नबढ्ने दाबी गरेका छन् ।

# फिलिपिन्सको मनिलामा पुनः लकडाउन



**काठमाडौं/एजेन्सी–** फिलिपिन्सको राजधानी मनिलामा फेरि लकडाउन गर्ने घोषणा गरिएको छ । राष्ट्रपतिले राजधानी मनिलादेखि अन्य प्रान्तहरुसँग आवतजावतलाई पनि बन्द गरिएको जानकारी दिएका छन् । चिकित्सकहरुको टोलीले कोरोना भाइरसको संक्रमण तीव्र रूपमा फैलिन सक्ने चेतावनी दिएपछि उनले यस्तो निर्णय लिएका हुन् ।

राष्ट्रपति कार्यालयका प्रवक्ता ह्यारी रोक्युले सोमबार दिएको जानकारीअनुसार महानगरको प्रहरी प्रशासनले मंगलबारदेखि दुई हप्ताका लागि लकडाउन गरिएको हो । आर्थिक गतिविधि बन्द गर्न र अत्यावश्यक बाहेकका अन्य सबै हिँडडुल तथा यात्रा गर्न पनि उनीहरुले प्रतिबन्ध लगाएको बताइएको छ ।

लकडाउनको समयमा सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा विशेष केही उद्योगका कर्मचारीलगायतलाई हिँड्न दिइने गृह मन्त्रालयका सचिव एडुर्डो एनोले जानकारी दिए । राष्ट्रपति रोड्रिगो डुटेर्टेले यसअघि यही जुन १ तारिखदेखि लकडाउन अन्त्य गरी आर्थिकलगायतका धेरै गतिविधिका लागि खुला गरेका थिए ।

उनले लकडाउन घोषणा गरेपनि बैंक, स्वास्थ्य तथा खाद्य सामग्रीसम्बन्धी कर्मचारी, कृषि उत्पादन कार्यमा संलग्न मजदुरलगायतलाई घरदेखि कार्यालय र कार्यालयदेखि घरसम्म जान पाउने व्यवस्था गरिएको बताए । कमदारहरूले मोटरसाइकल, साइकल, नीजि कारमा आवातजावत गर्न पाउने तर सार्वजनिक यातायातका साधन भने प्रयोग गर्न नपाउने अधिकारीहरुले जनाएका छन् । फिलिपिन्सका चिकित्सासम्बन्धी झण्डै एक सय संस्थाहरूले विद्युतीय माध्यममार्फत् गरेको बैठकमा अधिकांशले लकडाउनजस्ता प्रतिबन्धात्मक व्यवस्था तत्काल लागू गर्नुपर्नेमा जोड दिएका थिए ।

# राष्ट्रसंघको अपिल



**काठमाडौं/एजेन्सी–** कोरोना भाइरसको महामारीले शिक्षा क्षेत्रमा इतिहासमै पहिलोपटक अत्यधिक प्रभावित बनाएको छ । मध्य जुलाईदेखि विश्वभरका १६० भन्दा बढी देशका विद्यालय बन्द भएका छन् । यसरी विश्वभरका विद्यालयहरु बन्द हुँदा एक अर्बभन्दा बढी विद्यार्थीको पढाइ प्रभावित भएको छ । संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेरसले विश्वभरका मुलुकहरुले विद्यालय पुनः सञ्चालन गर्नुभन्दा पहिले स्थानीय संक्रमण नियन्त्रणलाई 'मुख्य प्राथमिकता' मा राख्नुपर्ने बताएका छन् ।

गुटेरेसका अनुसार कोरोना नियन्त्रणका लागि जारी गरिएको बन्दाबन्दीले कम्तिमा ४ करोडभन्दा बढी बालबालिकाले प्रि-स्कुलबाट वञ्चित भएका छन् । महामारीअघि २५ करोडभन्दा बढी बालबालिकाहर विद्यालय बाहिरै रहेको बताइएको छ ।

'हामीले अहिले यो पुस्ताकै ठूलो विपत्तिको सामना गरिरहेका छौं । यसले महामारीले दशकौंको प्रगतिलाई पछि पारिदिएको छ भने असमानता सिर्जना गरेको छ,' गुटेरेसले भने । उनले यूएन 'सेभ आवर फ्युचर' अभियान सुरु गरेका हुन् ।

# स्पेनका पूर्वराजा कार्लोसले देश छोड्दै



**काठमाडौं/एजेन्सी–** स्पेनका पूर्व राजा हुवा कार्लोसले देश छोड्ने निर्णय गरेको स्पेनिस राजदरबारले जनाएको छ । केही हप्ताअघि सुरु भएको भ्रष्टाचार अभियोगको अनुसुन्धानमा उनी पनि जोडिए छन् । ८२ वर्षका पूर्व राजा कार्लोसले पत्र मार्फत देश छोड्ने जानकारी छोरा फेलिपेलाई गराएका हुन् । फेलिपेलाई ६ वर्षअघि कार्लोसले सत्ता हस्तान्तरण गरेका थिए ।

पूर्व राजा कार्लोसले भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान गरिरहेका अधिकारीहरुले अन्तर्वार्ता गर्न चाहेमा आफू उपलब्ध रहेको बताएका छन् । गएको जुनमा स्पेनको सर्वोच्च अदालतले साउदी अरेबियामा तीव्र गतिको रेल बनाउने सम्बन्धी सम्झौतामा पूर्व राजा ख्वानको संलग्नताबारे अनुसन्धान सुरु गरेको थियो ।

अति निपूर्णता पूर्वक स्पेनलाई अधिनायकवादबाट प्रजातन्त्रको मार्गमा ल्याएका कार्लोसका लागि यो अपमानजनक बहिर्गमन रहेको बीबीसीका युरोप संवाददाता नीक बीकले बताएका छन् । पूर्व राजा अब कुन देशमा बस्ने छन् भन्ने खुलेको छैन, तर स्पेनिस सञ्चारमाध्यमहरुले उनी अब देश भने नरहेन बताएका छन् ।

# बक्स अफिस समाचार



## निर्देशनमा अब्बल चेतनाथ

पहिलो नेपाली चलचित्र 'आमा'देखि अहिलेसम्मको अवस्थामा आइपुग्दा यो क्षेत्रमा धेरैको पसिना सिंचन भएको छ। यस्तैमा विगत लामो समयदेखि यो क्षेत्रमा आफ्ना क्रियशनहरु पस्किरहेका छन्, चेतनाथ दंगालले। राजधानीको नजिकै रहेको जिल्ला काभ्रेपलाञ्चोकको तत्कालिन होक्से-३ मा बुबा पदमप्रसाद दंगाल र चित्रमायाको कान्छो पुत्र रत्नका रुपमा जन्मिएका चेतनाथ यतिवेला नेपाली कला क्षेत्रमा अग्रपंक्तिमा रहेका आफ्ना क्रियशनहरु पस्किरहेका छन्।

बाल्यकालदेखि नै कलाक्षेत्रमा रुची राख्ने चेतनाथ चलचित्र भनेपछि हुरुक्कै हुन्थे। सानैदेखि अत्यधिक चलचित्र हेर्न रुचाउने उनी उच्च शिक्षाका लागि काठमाडौं आएसँगै यो क्षेत्रमा विस्तारै विस्तारै हेलिँदै गए। सानैदेखिको उनको अन्तरआत्मामा रहेको यो क्षेत्रको लगावले उनलाई यस क्षेत्रमा तान्दै लग्यो र चुम्न सफल भएका छन्, आजका दिनहरु।

हरेक विषयको गहिराइमा पुग्ने, चुनौती मोल्ने र त्यसको सामना गर्ने चेतनाथको बाल्यकालदेखिको स्वभावले नै जस्तोसुकै चुनौतीको सामना गर्दै आजको अवस्थामा उनले सफलता प्राप्त गरेका हुन्। सुरुमा कनिष्ठ सहायक निर्देशक भूमिकाबाट यस क्षेत्रमा आएका उनी मुख्य निर्देशक हुँदै निर्देशकमा हात हालेका हुन्। यतिवेला उनी नेपाली रंगमञ्चमा कुशल निर्देशकका रुपमा स्थापित छन्।

उनका निर्देशनमा 'बादशाह', 'अन्योल भविष्य', 'हृदयघात', 'हाम्रो योद्धा', 'दानव' 'कुरबान', 'शुसेली', 'अधुरो सपना', 'लावारिस', 'युद्ध' 'दौडान' लगायतका चलचित्रमार्फत दर्शकको वाही वाही बटुल्न सफल भएका छन्। उनले निर्देशन गरेका प्रायः चलचित्रले व्यवसायिक सफलता प्राप्त गरेका छन्। उनी निर्देशित चलचित्र 'निम्तो' यतिवेला पोष्ट प्रोडक्सनमा रहेको छ। अर्को नयाँ चलचित्रको तयारीमा पनि रहेका उनी कोरोना भाइरस (कोभिड-१९)को विश्वव्यापी संक्रमणका कारण केही ढिला भएको बताउँछन्।

सन् २०१७ देखि निरन्तर २ वर्ष एनटिभीबाट आएको टेलिफिल्म 'सोह्र दुने आठ'का निर्माता तथा निर्देशक पनि उनी नै हुन्। यो सार्वधिक लोकप्रिय टेलिफिल्म रहेको थियो। उनले ५० भन्दा बढी म्युजिक भिडियोमा पनि निर्देशन गरिसकेका छन्।

निर्देशन गरेका कर्मले सफलता पाउँदै जाँदा थुप्रै अवार्ड, पुरस्कार र सम्मान पनि प्राप्त गरेका छन्, चेतनाथले। उनले नेफ्टा अवार्डमा बेष्ट निर्देशक, बक्स अफिस अवार्ड, राष्ट्रिय चलचित्र अवार्डलगायत थुप्रै सम्मान पुरस्कार प्राप्त गरेका छन्। उनी यतिवेला नेपाली सिने नगरीको मंहगो निर्देशकका रुपमा स्थापित छन्।

यो क्षेत्रका विभिन्न संघ संस्थामा आवद्ध भई यसको क्षेत्रको श्रृविद्धीमा लागेका उनी चलचित्र संरक्षण मञ्च, चलचित्र निर्देशक समाजको मानार्थ सदस्य रहेका छन्। उनी डीसीने अवार्ड, सूर्य इन्टरनेशनल अवार्ड जस्ता चलचित्रका समबन्धि प्रतिष्ठित अवार्डको निर्णयकको रुपमा पनि रहेका छन्। उनी व्युटी प्याजेन्नटको निर्णयकमा पनि रहेका छन्। राजधानी कला केन्द्रको प्रशिक्षक रहेर धरैलाई प्रशिक्षण समेत प्रदान गर्दै आएका उनी कान्तिपुर फिल्म एकेडमीको बोर्ड सदस्य, नेपाली सिने समुहको कार्यकारी निर्देशकसमेत रहेर कार्य गर्दै आएका छन्। त्यस्तै उनी दोलखा फिल्मस् प्रा.लि.को प्रवन्ध निर्देशक पनि हुन्।

'चलचित्रको क्याप्टेन भनेको निर्देशक हो, कथावस्तु छनोट गर्ने अधिकार निर्देशकको हुन्छ। चलचित्र निर्माताको एकखालको भिजन आउन सक्छ। तर, त्यसको डिसिजन निर्देशकको हातमा हुन्छ। त्यसैले सबैभन्दा धेरै जिम्मेवारी निर्देशककै हुन्छ, निर्देशकको हातमा हुन्छ कस्तो चलचित्र बन्ने', भन्ने चेतनाथ निर्देशन भन्ने बित्तिकै एकदमै गाह्रो क्षेत्र हो भन्छन्। उनी भन्छन्, 'किनभने सामाजिक र राष्ट्रप्रतिको जिम्मेवारी निर्देशकको काँधमा आएको हुन्छ। मैले निर्माण गरेको चलचित्रबाट दर्शकलाई कस्तो प्रभाव पर्छ भन्ने बुझ्नुपर्ने हुन्छ। चलचित्र सामाजिक दायित्व बोकेको पाटो भएकोले त्यसलाई निर्देशन गर्ने कम सजिलो छैन।'

पछिल्लो समय सामाजिक चलचित्रका दर्शक धेरै रहेको बताउने चेतनाथ आफ्नोपन, आफू सुहाउँदो सामाजिक कथाबस्तुमा आधारित चलचित्र दिन सक्नुपर्ने बताउँछन्। यथार्थ बोकेको चलचित्रलाई दर्शकले धेरै मन पराउने उनको भनाइ छ।

नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा लैजानुपर्छ भन्ने चेतनाथ समय सधैं एकनासको नहुने र परिवर्तनशिल रहेको बताउँछन्। उनी भन्छन्, 'समयको माग अनुसार जो कोही पनि चल्नुपर्छ। नेपाली चलचित्र सवल, सक्षम र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पुग्नु जो कोही नेपाली चलचित्रकर्मीका लागि गर्वको कुरा हो।'

नेपाली सिनेमा क्षेत्रमा सकृय रहेर अमूल्य योगदान पुऱ्याएका उनी सामाजिक कार्यमा पनि त्यतिकै सक्रिय छन्। वि.सं. २०७२ वैशाखमा देशमा आएको विनशकारी भूकम्पमा आहत भएका धेरैलाई राहत पुऱ्याएर सहयोग गरेका चेतनाथ विभिन्न विपद्का बेलामा सक्रिय रुपमा सहयोग पुऱ्याउन जुट्छन्। कोरोना भाइरस संक्रमणलाई नियन्त्रण र रोकथामका लागि नेपाल सरकारले गरेको लामो 'लकडाउन'का बेला अप्ठायारोमा परेकालाई पनि सहयोग गर्न उनी राहत लिएर विभिन्न ठाउँ पुगे।

नेपाली कला क्षेत्रको समृद्धिमा इटा थप्दै आएका चेतनाथ यस क्षेत्रमा आउने नयाँ कलाकारलाई प्रशिक्षण पनि दिइरहेका छन्। उनी यो क्षेत्रमा आउन चाहने नयाँ कालाकारलाई रहरले मात्र नभएर आफू यही क्षेत्रमा केही गर्नसक्छु भन्ने भएमा पढेर र बुझेर आउन सल्लाह दिन्छन्।

## कोरोनाका कारण ३० हजार चलचित्रकर्मी बेरोजगार



**काठमाडौं/रासस–** कोभिड-१९ का कारण सरकारले गरेको बन्दाबन्दीले देशभरका ३० हजार चलचित्रकर्मी बेरोजगार भएका छन्। विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरसको सम्भावित सङ्क्रमणलाई ध्यानमा राखेर सरकारले झण्डै पाँच महिना लामो बन्दाबन्दी गरेसँगै चलचित्र निर्माण, प्रदर्शन र वितरण नहुँदा ठूलो संख्यामा चलचित्रकर्मी बेरोजगार बन्न पुगेका हुन्। विसं २०७२ वैशाख १२ गतेको भूकम्पका कारण थला परेको चलचित्र उद्योग भर्खरै उठ्न खोजेको अवस्थामा कोरोना सङ्क्रमणका कारण बन्द भएपछि अहिले सबै 'फिल्म हल' बन्द हुँदा हजारौं कामदार बेरोजगार भएका छन्। नेपालभर हाल २०० भन्दा बढी 'फिल्म हल' सञ्चालनमा रहेका छन्।

कोरोनाको जोखिम बढिरहेको अवस्थामा सरकारले बढी भीडभाड हुने क्षेत्र तत्काल नखोल्ने निर्णय गरेर चलचित्र उद्योगलाई अति प्रभावित उद्योगका रुपमा राखे पनि कहिलेदेखि चलचित्र शुरु गर्ने भन्ने अन्योल रहेको छ। चलचित्र क्षेत्रसँगै सरकारले पर्यटन, यातायात, हवाई तथा पर्यटकीय यातायात, वैदेशिक रोजगार सेवा प्रदायकलाई अति प्रभावित क्षेत्रका रुपमा घोषणा गरेको छ।

चैतदेखि जेठसम्मको तीन महिनामा झण्डै २५ फिल्म निर्माण पूरा गरी सञ्चालन गर्ने तयारी भए पनि लकडाउनका कारण उक्त फिल्म सञ्चालन हुन पाएनन्। नेपालमा विसं २०७५ मा ९५ र विसं २०७६ मा ५५ फिल्म सञ्चालनमा आएका थिए। नेपाल चलचित्र निर्माता सङ्घका अध्यक्ष आकाश अधिकारी रु एक अर्बभन्दा बढी लगानी भएको फिल्म उद्योग कोरोनाका कारण प्रभावित भएको बताउँछन्। 'फिल्म निर्माताले बैंक तथा वित्तीय संस्थाबाट ठूलो रकम ऋण लिएर फिल्म निर्माण गरे पनि फिल्म सञ्चालन नहुँदा समस्या परेको छ,' उनी भन्छन्।

कोरोनाका कारण प्रभावित बनेको चलचित्र उद्योगलाई पूर्ववत् अवस्थामा फर्काउन नेपाल चलचित्र निर्माता सङ्घले फिल्म उत्पादनमा लाग्ने खर्चको २० प्रतिशत लगानी सरकारलाई गर्न आग्रह गरेको छ। 'करोडौं रकम खर्च गरेर बनाएको फिल्म नचले पनि सरकारले २० प्रतिशत लगानी ग्यारेन्टी गरिदिएको खण्डमा चलचित्र निर्मातालाई केही भए पनि राहत पुग्नेछ,' अध्यक्ष अधिकारी भन्छन्। नेपालमा अहिले एउटा फिल्म निर्माण गर्न रु ८० लाखदेखि रु दुई करोड ५० लाखसम्म खर्च हुने सङ्घले जनाएको छ।

सङ्घका अनुसार हाल २५ फिल्म निर्माण सम्पन्न भएर सञ्चालनका क्रममा रहेको, १२ फिल्म निर्माणको अन्तिम चरणमा रहेको र २० फिल्म छायाङ्कनको शुरुको अवस्थामा छन्। चलचित्र निर्माता सङ्घले बन्दाबन्दीपछि चलचित्र उद्योगलाई चलायमान बनाउन राजनीतिक दलका शीर्ष नेतासहित सरोकारवाला निकायसँग भेटघाट तथा परामर्शसमेत गरेको छ।

नेपाल राष्ट्र बैंकबाट जारी मौद्रिक नीतिले चलचित्र उद्योगको ५० प्रतिशत माग पूरा गरेको अध्यक्ष अधिकारीको भनाइ छ। मौद्रिक नीतिले पुर्नकर्जाको सीमालाई फराकिलो बनाउँदा साना, मझौला र ठूला उद्योग लाभान्वित हुनुका साथै कर्जा लिँदा लाग्ने सेवा शुल्क घटाउनु सकारात्मक कुरा रहेको उहाँको भनाइ छ। कोरोना सङ्क्रमण विस्तार घट्दै गएमा सरकारले विश्व स्वास्थ्य सङ्गठन र नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बनाएको स्वास्थ्य निर्देशिकालाई आत्मसात् गरेर सामाजिक दूरी कायम राख्दै सुरक्षित तरिकाले फिल्म सञ्चालनको वातावरण बनाउनुपर्ने सङ्घको भनाइ छ।

## शान्तिप्रिय र सरिताको 'रातो सारी लरक्कै'



**काठमाडौं/मस–** नेपाली हिन्दु धर्मावलम्बी महिलाहरुको नजिकिँदै गरेको विशेषपर्व तीजको रमझम सांगीतिक रुपमा सुरु भईसकेको छ। यसै क्रममा बजारमा विभिन्न तीज भाकाहरु आइरहेको छन्। यही तीजलाई लक्षित गरेर गायिका मोडल एवम् सञ्चारकर्मी सरिता भारतीले आफ्नो स्वरमा नयाँ तीज भाका रातो सारी लरक्कै...को भिडियो बजारमा ल्याएकी छिन्। उनले आफ्नो यो गीत आफ्नै अफिसियल च्यानल व्युटी न्युज नेपालबाट मँगलरबार रिलिज गरेकी हुन्।

रेकर्डिङको हिसाबले सरिताको यो छैटौं गीत हो। यस अघि चार ओटा गीत उनले बजारमा ल्याईसकेकी छिन भने अरु दुई वटा गीतको भिडियो अर्को महिना रिलिज हुनेछन्। आफ्नो गीत तीजमा पर्वमा विभिन्न पहिरन र आभुषणले सजिएकी एक नारीले आफ्नो पहिरन, आभूषण र सौन्दर्यको प्रसँसा गर्ने प्रसँगमा आधारित रहेको गायिका सरिता भारतीले बताइन्।

यो तीज गीत अग्रज पत्रकार शान्तिप्रियद्धारा लेखिएको हो। शान्तिप्रियको यसै महिना भित्र अझै तीन ओटा तीजगीत रिलिज हुने भएको छ। सँगीतबाट गिनिज अफ वर्ल्ड रेकर्डमा नाम लेखाएका सन्तोष श्रेष्ठको संगीत यो तीज गीतमा छ। बिलक्षण क्रियसनले निर्माण गरेको यो गीतको भिडियोमा अभिनेत्रीद्धय अनामिका चौलागाईं, दीपाशा बिसीसँगै गायिका सरिता भारतीको प्रतिस्पर्धामुलक मुख्य भूमिका रहेको छ।

यो गीतको भिडियोलाई अग्रज छायाँकार तथा निर्देशक राजु केसीले छायाँकन गरेका हुन्। भिडियोमा राहुल श्रेष्ठ छबी थापामगरको कोरियोग्राफी, बीरेन्द्र भाट 'बिपिन'को छायाँकन, ब्युटिसियन ट्यालेन्ट नेपाल २०२० की बिजेता लिना डँगोल र लक्ष्मी महर्जनको सृँगार छ। भिडियोलाई डब्बु क्षत्रीले तयार गरेका हुन्।

### कलाकारको व्यङ्ग्य

## 'नेताहरुले ३६५ दिनै गाईजात्रा देखाउँछन्'




**काठमाडौं/मस–** रिपोर्टर्स क्लब नेपालमा गाईजात्रा विशेषमा बोल्दै हाँस्यव्यङ्ग्य कलाकारहरुले प्रधानमन्त्री केपी शर्मा ओलीसहित शिर्ष नेताहरुप्रति कडा व्यङ्ग्य गरेका छन्। उनीहरुले नेताहरुले तीन सय ६५ दिन नै नक्कली गाईजात्रा देखाइरहेको भन्दै व्यङ्ग्य गरे। कलाकारहरुले जनतालाई सचेत नागरिकका रुपमा जागरुक भई नेताहरुलाई गल्ती गर्न नदिन समेत आग्रह गरे।

लोकप्रीय व्यङ्ग्यकार शैलेन्द्र सिंखडाले नेपालका नेता र जनताहरुको प्रकार छुट्याउँदै कडा व्यङ्ग्य गरे। उनले भने,'नेताहरु कोटे, नोटे, भोटे र चोटे छन् र नेपाली जनता अनुशासित र अनुबन्धित दुई प्रकारका छन्।' मन्त्रीको गाडीमा ब्रिफकेश किन हालिन्छ भनी नेताहरुले पत्ता लगाउनुपर्ने बताए। नेताहरुले ३६५ दिन नै गाईजात्रा मनाएको समेत उल्लेख गरे।

आफूले ४० वर्ष गाईजात्रा मनाइसकेको र त्यस क्रममा नेपालको राजनीतिक तथा सामाजिक जीवनको अनेकन घटनाक्रम देखेको समेत बताए। सिंखडाले व्यंग्य गर्दै भने,'नेताहरु ३६५ दिन नै गाईजात्रा झिक्नुहुन्छ तर त्यो नक्कली गाईजात्रा हो, आजको दिन कलाकारहरुले गरेको गाईजात्रा मात्र सत्य हो।'

उनले सामाजिक, लैगिंक, राजनीतिक घटनाहरुलाई प्यारोडी मार्फत व्यंग्य गरेका थिए। सिंखडाले ऋषि धमलाको नाक लिम्पियाधुरासहितको नक्शा जस्तै रहेको भन्दै आफूलाई मन पर्ने बताए। उनले भने,'ऋषि धमलाको नाक ठ्याक्कै लिम्पियाधुराको जस्तो छ, मलाई मन पर्छ।'

हाँस्य कलाकार दमन रुपाखेतीले प्रधानमन्त्री केपी शर्मा ओली आफैमा गाईजात्रा भएको टिप्पणी गरे। उनले भने, 'केपी बा आफैमा गाईजात्रा हुनुहुन्छ तर उहाँका धुपौरेबाट सावधान हुनुपर्छ।'

औषधोपचारको पैसा नेताले खाएको र जनताले उपचार नपाएको भन्दै दमनले व्यङ्ग्य गरे। देश कोरोना महामारीसँगै बाढीपहिरोको प्रकोपमा रहँदा सरकार उदासीन रहेको आरोप लगाए। उनले भने,'औषधीउपचार खर्लप्पै नेताले खाए, जनताले पाएनन्।' प्रधानमन्त्री केपी शर्मा शर्मा ओलीले बेसार पानी खान भनेकोतर्फ व्यङ्ग्य गर्दै गीत समेत बजाए।

कलाकारहरुमा देशको भुभागबारे सामान्य ज्ञान हुन आवश्यक रहेको भन्दै केही कलाकारप्रति व्यङ्ग्य पनि गरे। दमनले डबलीबाट शुरु भएको गाईजात्रा डिजिटलमा प्रवेश गरेकोमा खुशी व्यक्त गरे। उनले टिकटक बन्द गर्न माग गरे। उनले भने, 'टिकटकले बेथिती ल्याएको छ, हेर्नैनसकिने भइसक्यो अब बन्द गर्नुपर्छ।'

कार्यक्रममा सिस्नुपानीका अध्यक्ष लक्ष्मण गाम्नागेले सरकार र प्रतिपक्षी नेतालाई कवितार्फत व्यंग्य गरेको थिए। उनले देशमा सबै मिलेर लुटिरहेको भन्दै व्यङ्ग्य कविता प्रस्तुत गरेका थिए। कवितामार्फत् उनले शिर्ष नेताहरुलाई सिस्नुपानी लगाएका थिए।

हाँस्यकलाकार सुबोध गौतमले राजनीतिक दलका नेता तथा सामाजिक अभियन्ताहरुको क्यारिकेचर गरेका थिए। उनले प्रधानमन्त्री केपी शर्मा ओली, पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, पूर्व राजा ज्ञानेन्द्र शाह, कम्युनिस्ट नेता मोहन बैद्य किरणको क्यारीकेचर गरेका थिए।

हाँस्यकलाकार पल्पसा डंगोल 'चम्सुरी' ले २०७७ सालको गाईजात्राको शुभकामना दिदै गएको वर्षको जस्तो अहिलेको गाईजात्रामा व्यस्त हुन नपाएको बताइन्। कोरोना भाइरसको महामारीका कारण गाईजात्रा फरक किसिमको भएका भन्दै भाइरसको संक्रमणबाट जोगिन सबैलाई आग्रह गरिन्। डंगोलले अब आउने वर्षमा यस्तो समस्या नआउने विश्वास गरिन्।

हाँस्य कलाकार दिनेश काफ्लेले गाईजात्रा विशेषमा राजनीतिक, सामाजिक घटना र मिडिया प्रति व्यंग्य गरे। उनले कलाकारहरु मिडियामा भाइरल हुनुमा ऋषि धमलालको हात रहेको बताए। कलाकारहरुको विवादास्पद अन्तवार्ता लिएर धमलाले भाइरल बनाइदिएको बताए।

कलाकार सन्दीप क्षेत्रीले मिठाइलालको क्यारिकेचरलाई लिएर कारबाहीका लागि गरेको सिफारिशलाई दुःखद भने। कलाकारले व्यङ्ग्य र क्यारिकेचर स्वतन्त्र र भयरहित तरिकाले गर्न पाउनुपर्ने बताए।

उनले कलाकारले हराउदै गएको लवज (मिठाई लाल) को जर्गेना गर्दा कलाकार सन्दिप क्षेत्रीको विरोध हुनु दुखद भएको बताए। उनले भने, 'कलाकारहरुले पुरानो परम्पराका लवजको जर्गेना गर्नुपर्छ, नत्र हराउछ।' उनले कलाकारहरु संयमित हुनुपर्ने भन्दै भुवन केसी र नायिका साम्राज्ञी शाह प्रति पनि व्यंग्य हाने। कलाकार दुर्गेश थापालाई प्राइम टेलिभिजनमा पत्रकार ऋषि धमलाले गाउन लगाएको गीतको कलाकारको नाम र गीत फरक भएको उक्त भिडियो निकै भाइरल भएको प्रसंगमा ऋषि धमलालाई व्यंग्य गर्दै काफ्लेले भने,'रातारात कलाकार भाइरल हुनुमा ऋषि धमलाको पनि हात छ।'


**चिशंखुगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सेर्ना, ओखलढुंगा

**प्राविधिक सहायक करार पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०४/२१)**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियानुसार यस गाउँपालिकामा करारमा प्राविधिक सहायक पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उमेद्वारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा मापदण्डको परिशिष्ट-२ बमोजिम रीतपूर्वक फारम भरी गाउँपालिकाको कार्यालयमा पेश गर्न हुन प्राविधिक सहायकको छनौट तथा पदपूर्ति समितिको मिति २०७७/०४/२० गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी बिस्तृत विवरण www.pmep.gov.np, चिशंखुगढी गाउँपालिकाको वेबसाइट www.chishankhugadhimun.gov.np तथा गाउँपालिकाको कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

**प्रमुख प्रसाशकिय अधिकृत**

# विकास मल्ल गोलरक्षक प्रशिक्षक नियुक्त



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन

अखिल नेपाल फुटबल संघ (एन्फा)ले त्रिभुवन आर्मी क्लबका पूर्वगोलरक्षक विकास मल्ललाई राष्ट्रिय पुरुष फुटबल टोलीको गोलरक्षक प्रशिक्षक नियुक्त गरेको छ । एन्फाको प्राविधिक समितिले मंगलबार मल्ललाई गोलरक्षक प्रशिक्षकमा नियुक्त गरेको हो । प्रशिक्षक मल्लले सन् २००५ देखि २०१३ सम्म राष्ट्रिय टोलीबाट खेलेका थिए । मल्लले एएफसी लेभल १ गोलरक्षक प्रशिक्षण सर्टिफिकेट र एएफसी सी प्रशिक्षक सर्टिफिकेट कोर्ष पूरा गरेका छन् ।

एन्फाले जापानी गोलरक्षक प्रशिक्षक हिरो मित्सोमारुको स्थानमा मल्ललाई जिम्मेवारी दिएको हो । मित्सोमारुले जाइकामार्फत स्वयंसेवक प्रशिक्षकका रुपमा राष्ट्रिय टोलीको प्रशिक्षण सम्हाल्दै आएका थिए ।

मल्लले फिफा विश्वकप छनोटअन्तर्गत दोस्रो चरणका बाँकी खेलमा प्रशिक्षकको जिम्मेवारी सम्हाल्नेछन् । नेपालले घरेलु मैदानमा चाइनिज ताइपेईसँग अक्टोबर ८ मा, १३ मा अष्ट्रेलिया र नोभेम्बर १२ मा जोर्डनसँग खेल्नेछ । छनोटका सबै खेल दशरथ रंगशालामा हुनेछ ।

मल्ललाई नेपाली टिमका गोल किपर प्रशिक्षकमा नियुक्त गरेको सार्वजनिक भए पछि टेक्निकल कमिटीका संयोजक कृष्ण थापाले आधिकारीक बैठक नै नबसी गोलकिपर प्रशिक्षक नियुक्त भएको समाचार आएकोमा आपत्ती जनाएका छन् ।

# क्यानद्वारा प्रदेश र जिल्लालाई बजेट

**काठमाडौं, रासस-** नेपाल क्रिकेट सङ्घ (क्यान) ले प्रदेश र जिल्ला सङ्घलाई बजेट उपलब्ध गराएको छ । क्यानले ६ प्रदेश तथा २९ जिल्लालाई रकम उपलब्ध गराएको हो ।

हाल क्यानमा ३९ जिल्ला आबद्ध छन् । प्रत्येक प्रदेशलाई एक लाखका दरले बजेट उपलब्ध गराएको क्यानका कोषाध्यक्ष रोशनकुमार सिंहले जानकारी दिए । क्यानले २९ जिल्लालाई भने ५० हजारका दरले बजेट उपलब्ध गराएको छ ।

'बाँकी १० जिल्लालाई पनि रकम उपलब्ध गराउँछौं', उनले भने । जिल्लास्तरमा क्रिकेटको विकासका लागि बजेट उपलब्ध गराइएको हो । यसअघि क्यानले जिल्लालाई प्रतियोगिता सञ्चालन गर्नका लागि रु १० हजार सहयोग गर्दै आएको थियो । क्यानले कार्यालय सञ्चालन तथा प्रतियोगिता आयोजना गर्न जिल्लालाई रु एक लाख तथा प्रदेशलाई रु तीन लाखका दरले बजेट उपलब्ध गराउने योजना बनाएको छ ।

हाललाई मुलुकका सात प्रदेशमध्ये क्रिकेट संरचनाअन्तर्गत कर्णाली प्रदेशलाई प्रदेश नं ५ मै राखिएको छ । कर्णाली प्रदेशको सुर्खेत मात्र क्यानमा आबद्ध छ । क्यानले प्रदेश र जिल्लालाई गरी कूल रु २० लाख ५० हजार निकासा गरेको सिंहले बताए ।

# खड्कालाई कार्यावाहक अध्यक्षको जिम्मेवारी



**काठमाडौं, मस-** तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्काले काठमाडौं जिल्ला तेक्वान्दो संघको कार्यावाहक अध्यक्षको जिम्मेवारी पाएका छन् । जिल्ला संघको मंगलबार बसेको कार्यसमितिको बैठकले खड्कालाई कार्यावाहक अध्यक्षको जिम्मेवारी दिने निर्णय गरेको हो ।

यसअघिका अध्यक्ष प्रमोद पराजुलीले राजीनामा दिएपछि उक्त पद रिक्त थियो । त्यस ठाउँमा जिल्ला कार्यसमितिका उपाध्यक्ष खड्कालाई अध्यक्षको जिम्मेवारी दिइएको हो । पराजुली राष्ट्रिय खेलकुद परिषद् (राखेप) अन्तर्गत भक्तपुर जिल्ला खेलकुद विकास समितिमा तेक्वान्दो सहायक प्रशिक्षकका रुपमा कार्यरत छन् । राष्ट्रिय खेलकुद ऐन- २०७७ मा राखेपमा कार्यरत कुनैपनि कर्मचारीले कुनैपनि तहको खेलकुद संघमा बस्न नपाउने प्रावधान रहेको छ ।

सोही अनुसार पराजुलीले अध्यक्ष पदबाट राजीनामा दिएका हुन् । नयाँ ऐनकै प्रावधान अनुसार कार्यसमितिका उपाध्यक्ष राजकुमार लामाले पनि पदबाट राजीनामा दिइसकेका छन् । उनी सिन्धुपाल्चोक जिल्ला खेलकुद विकास समितिमा तेक्वान्दो सहायक प्रशिक्षक हुन् । उक्त पद भने पछि पदपूर्ति गरिने कार्यसमितिले जनाएको छ ।

निवर्तमान अध्यक्ष पराजुलीले तेक्वान्दो मुख्य प्रशिक्षक नवीनकुमार श्रेष्ठ, कार्यसमितिका पदाधिकारी र तेक्वान्दो डोजाङका प्रमुखलगायतको उपस्थितिमा भएको कार्यक्रममा खड्कालाई कार्यसमितिको निर्णय पुस्तिका हस्तान्तरण गरे ।

सो अवसरमा पराजुलीले खड्कालाई कार्यकाल पूर्ण सफलताका शुभकामना दिदै सबैको सरसल्लाह लिएर तेक्वान्दोको विकासमा लाग्न सुझाए ।

अध्यक्ष खड्काले तेक्वान्दोका अग्रज र साथीभाइको सुझाव/सल्लाह अनुसार अगाडि बढ्ने बताउदै कार्यसमितिलाई देशकै नमुना संघका रुपमा स्थापित गर्न प्रयत्न गर्ने प्रतिबद्धता जनाए ।

खड्काले २०५० सालदेखि तेक्वान्दो खेल्न सुरु गरेका थिए । सन् २००९ मा प्रतियोगिता खेल्ने क्रममा उनको खुट्टामा गम्भीर चोट लागे पछि करिब २ वर्ष खेल यात्रामा 'ब्रेक' लागेको थियो । चोटमुक्त भएपछि पनि ग्योरोगी (फाइट) विधालाई त्यागी उनले पुम्से विधामा आफ्नो खेल यात्रालाई सुचारु गरे ।

उनले सुदूरपश्चिमाञ्चलमा भएको छैटौं राष्ट्रिय खेलकुदमा पुम्सेतर्फ स्वर्ण जितेका थिए । हाल उनी प्रशिक्षक र निर्णायकका रुपमा बढी व्यस्त छन् । खेलाडी, प्रशिक्षकका साथै निर्णायकको भूमिकामा उनले करिब ३२ राष्ट्रको भ्रमण गरिसकेका छन् । खेलाडीका रुपमा उनले १९ अन्तर्राष्ट्रिय स्वर्ण जितेका छन् भने केयौं पटक उत्कृष्ट निर्णायक पनि चुनिएका छन् । खड्का ग्योरोगी, पुम्से र पारा तेक्वान्दो तीनै विधाका एक्लो नेपाली अन्तर्राष्ट्रिय निर्णायक हुन् ।

खड्काले डाँछीमा तेक्वान्दो एकेडेमी पनि सञ्चालन गर्दै आएका छन् । नेप्लिज तेक्वान्दो एकेडेमीका नाममा सञ्चालित यस एकेडेमीमा उनले आर्थिक अवस्था कमजोर भएका १५ जनालाई निःशुल्क प्रशिक्षण गराउदै आएका छन् । उनी एकेडेमीका अध्यक्ष पनि हुन् ।

समाजसेवामा पनि सक्रिए ३३ वर्षीय कागेश्वरी मनोहरा नगरपालिका, थली निवासी खड्काले २०७२ सालको भूकम्प पीडित र हाल विश्वव्यापी महामारीका रुपमा रहेको कोरोना भाइरस (कोभिड- १९) बाट समस्यामा परेकालाई राहत वितरण गरेका थिए । त्यस्तै समयसमयमा घाइते खेलाडीको उपचार र समस्यामा परेका खेलाडीका परिवारलाई पनि आर्थिक सहयोग जुटाइ दिने गरेका छन् ।

# भिभोसँगको सम्झौता तोडियो



**काठमाडौं, एजेन्सी-** भारतीय क्रिकेट बोर्ड बीसीसीआईले चिनियाँ मोबाइल कम्पनी भिभोसँगको मुख्य प्रायोजन सम्झौता रद्द गरेको छ ।

चीन र भारतबीचको विवादका कारण उक्त सम्झौता रद्द भएको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन् । यस वर्षको आईपीएल आउँदो १९ सेप्टेम्बरदेखि यूएईमा हुँदैछ । चीनसँग तनाव बढ्दै गएपछि आईपीएलमा भिभो मोबाइलको मुख्य प्रायोजन हटाउन बीसीसीआईमाथि चर्को दबाब परेपछि उसले भिभोसँगको सम्झौता तोडेको हो ।

भिभोले पाँच वर्षसम्म मुख्य प्रायोजन गर्नको लागि सन् २०१८ मा आईपीएलसँग दुई हजार एक सय ९९ करोड भारुको सम्झौता गरेको थियो ।

सीमा क्षेत्रमा चिनियाँ सेनासँगको आक्रमणमा २० जना भारतीय सैनिकको मृत्यु भएपछि दुई देशबीच तनाव बढिरहेको छ ।

युएईमा हुने आईपीएलका लागि भिभोसँगको सम्झौता नतोडिए आईपीएल वहिस्कार गर्नका लागि आरएसएस आवद्ध स्वदेशी जागरण मञ्चले आग्रह गरेको थियो ।

स्वदेशी जागरण मञ्चका सह संयोजक अश्वनी महाजनले एक विज्ञप्ति जारी गर्दै बीसीसीआईले चिनियाँ सैनिकसँगको झडपमा निधन भएका भारतीय सेनाको अपमान गरेको उल्लेख गरेका थिए ।

भारतीले चिनियाँ बजारलाई प्रतिस्थापन गर्न खोजिरहेका बेला बीसीसीआईले चिनियाँ प्रायोजकलाई राख्नु देश प्रतिकै गम्भीर घात भएको टिप्पणी पनि गरिएको थियो ।

# फ्लोरिडा ओपन तेक्वान्दोमा राजुलाई स्वर्ण



**काठमाडौं, मस-** नेपालले फ्लोरिडा ओपन अन्तर्राष्ट्रिय अनलाइन पुम्से च्याम्पियनसिपमा एक स्वर्णसहित कुल तीन पदक जितेको छ ।

आङ्स तेक्वान्दो एकेडेमीको आयोजनामा सम्पन्न च्याम्पियनसिपमा नेपालले एक स्वर्ण तथा समान १/१ रजत र कांस्य पदक जितेका हुन् । नेपालका लागि राजु नगरकोटीले स्वर्ण, सञ्जीव नेपालले रजत र सन्दीपा अमगाईंले कांस्य पदक दिलाएका थिए । राजुले ५० वर्षमुनि उमेरसमूहको पुम्सेमा स्वर्ण जित्न सफल भए । उनले आयोजक राष्ट्रका पाब्लो अबलुजालाई पराजित गरे । राजुले कुल ५.७६७ अंक प्राप्त गर्दा पाब्लोले ५.४६७ अंक बटुलेका थिए । ४० वर्षमुनि उमेरसमूहको पुम्सेमा सञ्जीव भने रजत पदकमै खुम्चिए । उनी अमेरिकाका गिलबर्ट जामेनासँग पछि परे । गिलबर्टले ६.६६० अंक र सञ्जीवले ५.८३३ अंक पाएका थिए ।

त्यसैगरी महिला ३० वर्षमुनि उमेरसमूहमा नेपालकै सन्दीपा अमगाईंले ५.९६७ अंक प्राप्त गर्दै कांस्य पदक जितिन् । सोही उमेर समूहमा बिट्रिज बेलिसेनले ७.१६७ अंक र फिलिपिन्सकी जान पाउ जेनेरोसले ६.७६७ अंक प्राप्त गर्दै क्रमशः शीर्ष दुईमा रहे । च्याम्पियनसिपमा अष्ट्रेलिया, क्यानडा, अमेरिकी, फिलिपिन्स, मलेसिया, सिंगापुर, डेनमार्क र स्लोभानियालगायत राष्ट्रले प्रतिस्पर्धा गरेका थिए । उक्त च्याम्पियनसिपमा क्याडेट, जुनियर तथा सिनियरतर्फ प्रतिस्पर्धा भएको थियो । च्याम्पियनसिपमा आयोजक अमेरिकी पहिलो, फिलिपिन्स र सिंगापुर तेस्रो भयो ।

# चर्चित गोलकिपर इकालिसको सन्यास



**काठमाडौं, एजेन्सी-** विश्व चर्चित स्पेनिस गोलरक्षक इकार क्यासिलासले फुटबलबाट सन्यास लिएका छन् । ३९ वर्षका क्यासिलासले मंगलबार फुटबलबाट सन्यास लिएको घोषणा गरेका हुन् । क्यासिलासलाई एक महान गोलरक्षकको रुपमा पनि लिने गरिन्छ । रियल मड्रिडमा १६ वर्ष आवद्ध भएका क्यासिलासले ३ च्याम्पियन्स लिग तथा पाँच ला लिगा उपाधि हात पारेका थिए । सन् २०१० मा विश्वकप जितेका क्यासिलासले सन् २००८ र सन् २०१२ मा युरोपियन च्याम्पियनसिप हात पारेका थिए ।

सन् २०१५ मा पोर्टो क्लबमा आवद्ध भएका क्यासिलासलाई सन् २०१९ को अप्रिलमा हृदयघात भएको थियो त्यसयता उनी फुटबल मैदानमा अभ्यासका लागि गएका थिएनन् ।

# जिदान क्लब फुटबलका उत्कृष्ट प्रशिक्षक


रियाल मड्रिडका प्रशिक्षक जिनेदिन जिदान विश्वको उत्कृष्ट प्रशिक्षक बनेका छन् । फ्रान्सको एक पत्रिकाले गरेको अध्ययनले जिदान विश्वको उत्कृष्ट क्लव प्रशिक्षक भएको सार्वजनिक गरेको हो । उनले प्रिमियर लिग च्याम्पियन लिभरपुलका प्रशिक्षक योर्गेन क्लोप, पेप ग्वार्डियोला, जोजे मोउरिन्होलाई पछि पारेका छन् ।

जिदानले रियाललाई यो सिजनमा ला लिगाको च्याम्पियन बनाएका थिए । ४९ बर्षे जिदान यतिबेला च्याम्पियन्स लिगमा म्यानचेस्टर सिटीसँगको भिडन्तको तयारीमा छन् । पहिलो लेगमा रियाल दुई एकले पछि परेको थियो ।

जिदानले पहिलो पटक रियालको प्रशिक्षक हुँदा लगातार तीन पटक च्याम्पियन्स लिगको उपाधि क्लवलाई दिलाएका थिए । उनले सन् २०१६, २०१७ र २०१८ मा क्लवलाई युरोपियन च्याम्पियन बनाएका थिए ।

उनलाई प्रतिस्पर्धा दिएका ग्वार्डियोलाले पनि सिटीलाई निकै राम्रो सफलता दिलाएका थिए । तर यो सिजनमा सिटीले प्रिमियर लिग जित्न सकेन । यता तीन दशकपछि लिभरपुललाई उपाधि दिलाएका योर्गेन क्लोपपनि जिदान भन्दा पछाडी नै परे ।

# एथलेटिक्स प्रशिक्षक राईको निधन



**काठमाडौं, रासस-** सल्यान जिल्ला खेलकूद विकास समितिअन्तर्गत एथलेटिक्सका सहायक प्रशिक्षक रवीनकुमार राईको निधन भएको छ । ब्रेन ट्युमरबाट पीडित ५२ वर्षीय राईको सोमबार राति भक्तपुरस्थित काठमाडौं क्यान्सर सेन्टरमा निधन भएको हो ।

प्रशिक्षक राईको मंगलबार पशुपतिस्थित आर्यघाटमा दाहसंस्कार गरिएको नेपाल एथलेटिक्स सङ्घका सचिव आरके विष्टले जानकारी दिए । उनी गत चैतमा उपचारका लागि सल्यानबाट काठमाडौं आएका थिए । राई २०५२ सालमा एथलेटिक्सको सहायक प्रशिक्षकका रुपमा सल्यानमा नियुक्त भएका थिए ।

उनको गत वैशाख अन्तिम साता काठमाडौंको अन्नपूर्ण न्यूरो अस्पतालमा शल्यक्रिया गरिएको सचिव विष्टले बताए । 'सङ्घकै पहलमा राईको उपचारका लागि हामीले १० लाखभन्दा बढी सहयोग जुटाएका थियौं', उनले भने । प्रशिक्षक राईलाई गत जेठको पहिलो सातादेखि काठमाडौं क्यान्सर सेन्टरमा भर्ना गरिएको थियो । सल्यानमा निरन्तर प्रशिक्षणमा संलग्न राईले राष्ट्रियस्तरका खेलाडी उत्पादन गरेको सङ्घका सचिव विष्टल बताए । राईका एक छोरा, एक छोरी र श्रीमती छन् ।

**प्राइम कर्पोरेट कन्सल्टेन्ट्स प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०२/१४ मा दर्ता भएको प्राइम कर्पोरेट कन्सल्टेन्ट्स प्रा.लि.(दर्ता नं.१९०३७३) को मिति २०७७/०३/१२ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटरः जिवन कुमार थापा, डिल्लीबजार, काठमाडौं,**
**इजाजतपत्र नं. २९०, फोन नं. ९८४१६९६९६६**

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/१०/२७ गते विहान १०:०० बजेको समयमा कोटेश्वरको अमुल आयुर्वेदिक औषधालयको कम्पाउडमा पार्किङ गरि राखेको प्रदेश नं.३–०२–००६ प ७१६९ को यामाहा कम्पनीको १४९ सि.सि. को FZS FIV3 मोटरसाईकल हराएकोले फेलापार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा खबर गरिदिनु होला ।

**सवारी धनी : विक्रान्त बचत तथा ऋण सहकारी लि.**
**ठेगाना : कालिमाटी, काठमाडौं**
**च्यासिस नं:** ME1RG44B5K0026187
**इन्जीन नं :** G3J3E0454305
**सम्पर्क : ९८५१०५२२३५**

**आकर्षक उपभोक्ता कृषि सहकारी संस्था लिमिटेड ललितपुर महानगरपालिका, खुमलटार १५, ललितपुरको सार्वजनिक सूचना**


प्रकाशितमितिः २०७७ श्रावण २१ गते बुधबार

डिभिजन सहकारी कार्यालय ललितपुरमा मिति २०६९।०५।०३ गते दर्ता भएको दर्ता नं ०६९/०७०/९३९ को आकर्षक उपभोक्ता सहकारी संस्था लिमिटेड र डिभिजन सहकारी कार्यालय ललितपुरमा मिति २०७०।१०।२६ गते दर्ता भएको दर्ता नं १०५५ को दर्ता भएको कुटो कोदालो कृषि सहकारी संस्था लिमिटेडको वार्षिक साधारणसभाबाट एकीकरण गर्ने निर्णय भए अनुसार तोकिए बमोजिमका एकीकरण अवधारणा, संम्झौता र कार्यविधि तयार गरी सम्बन्धित कार्यालयहरुको सहमती र सिफारिस सहित सहकारी विभागबाट मिति २०७६ मंसीर १५ गते आकर्षक उपभोक्ता कृषि सहकारी संस्था लिमिटेड (साविक आकर्षक उपभोक्ता सहकारी संस्था लिमिटेडको दर्ता नं ०६९/०७०/९३९, दर्ता मिति २०६९।०५।०३ गते र स्थायी लेखा नं.६००७०३९९२ नै कायम हुने गरी) को नाममा एकीकृत संस्थाको दर्ता प्रमाणपत्र प्राप्त भएकोले उल्लिखित दुवै संस्थाका सदस्यहरु, संस्थाले शेयर खरीद गरी सदस्य बनेका संघहरु, खाता संचालन भएका बैक तथा वित्तिय संस्थालगायत सवै सरोकारवाला निकायहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । एकीकरण पछि दुवै संस्थाको सम्पत्ति तथा दायित्व एकीकृत हुने भएकोले एकीकरण भएको मितिसम्मको मितिमा दुवै संस्थासंग कोही कसैको कूनै पनि दावि भएमा यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मुख्य कार्यालयः ०१-५५५०९७०**
**कूटो कोदालो कृषि सेवा केन्द्र : ९८५१०५३८८८**
**इमेलः** accol.biz@gmail.com

# आन्तरिकतर्फ दैनिक ४८ उडान : व्यवसायी अन्योलमा

रासस–सिबी अधिकारी
काठमाडौं, २० साउन



भदौ १ गतेदेखि सञ्चालन हुने आन्तरिक व्यावसायिक उडानका लागि विभिन्न एयरलाइन्सका दैनिक ४८ उडान हुने भएका छन् । बन्दाबन्दीको झण्डै पाँच महिनापछि शुरु हुने व्यावसायिक उडानका लागि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले ४८ वटा उडान स्वीकृति दिएको जनाइएको छ ।

प्राधिकरणले शहरी क्षेत्रका विमानस्थल (ट्रङ्क रुट) मा ३९ वटा उडान र दुर्गममा हुने उडान (स्टल) का लागि नौ वटा गरी दैनिक ४८ वटा उडानलाई अनुमति दिइएको छ। उडान खुल्ने भएपछि आन्तरिक उडानका वायुसेवा कम्पनीले पूर्व तयारी तीव्र पारेका छन् ।

बुद्ध एयर, यती एअरलाइन्स, श्री एयरलाइन्सलगायत ठूला कम्पनीले सुरक्षित उडानका लागि विशेष तयारी गरिरहेका छन्। कतिपय एयरलाइन्सले उडान तालिका बनाएर प्राधिकरणबाट स्वीकृति पनि लिइसकेका छन्। यस विषयमा प्राधिकरणले औपचारिक निर्णय गरिसकेको छैन ।

वायुसेवा सञ्चालकहरूको छाता सङ्गठन वायुसेवा सञ्चालक सङ्घ नेपालका प्रवक्ता योगराज कँडेल शर्माले ट्रङ्क रुटमा अहिलेलाई ४८ उडान प्राधिकरणबाट स्वीकृत भएको बताए। हेलिकप्टरको उडान थपिनेछ ।

बुद्ध एयरले १८ वटा उडान अनुमति पाएको छ । बुद्ध एयरका बजार निर्देशक रुपेश जोशीले उडान सञ्चालनका लागि आवश्यक सबैखाले तयारी गरिएको बताए। बुद्ध एयरले सबै गन्तव्यमा उडान गर्ने योजनाअनुरुप टिकट बुकिङ खुलाएको उनले जानकारी दिए। बुद्धले ११ एटिआरसहित १३ जहाजमार्फत आन्तरिक उडान गर्दै आएको छ । सामान्य अवस्थामा दैनिक १०० हाराहारी उडान गर्ने बुद्धले बन्दाबन्दीपछिको शुरुआती चरणको उडानमा कम सङ्ख्यामा उडान गर्नेछ ।

निजी क्षेत्रको अर्को यती एअरलाइन्सले ११ उडान अनुमति पाएको छ । सुरक्षित उडानका लागि स्वास्थ्य प्रोटोकल प्राधिकरणबाट अनुमोदन गराई पूर्वाभ्यास गरिरहेको छ । यती एअरलाइन्सका हवाई सुरक्षा प्रमुख तथा प्रवक्ता सुदर्शन बर्तौलाले स्वास्थ्य प्रोटोकल पालना गर्दै दैनिक रूपमा कर्मचारीलाई अभ्यास तथा स्वास्थ्य सर्तकताका सबैखाले तयारी गरिएको जानकारी दिए ।

यतीले शुरुमा ११ उडान गर्नेछ । अवस्था हेरेर क्रमशः उडान थप्ने योजना रहेको कम्पनीले उल्लेख गरेको छ । यतीले सामान्य अवस्थामा दैनिक ७० वटासम्म उडान गर्दै आएको थियो। यतीसँग हाल पाँच एटिआर र पाँच जेटस्ट्रिमसहित १० वटा जहाज छन् ।

आठ उडान अनुमति पाएको श्री एयरले पनि आफ्ना गन्तव्यमा सुरक्षित उडानका लागि पूर्वअभ्यासलगायत तयारी गरिसकेको छ। कम्पनीका संस्थागत प्रबन्धक अनिल मानन्धरले भदौ १ गतेदेखि हुने उडानको सम्पूर्ण तयारी सकिएको बताए । पहिला दैनिक २० उडान गर्ने श्रीले पनि भदौ पहिलो साताभर दैनिक आठ उडान गर्नेछ । कम्पनीसँग सिआरजे ७०० र सिआरजे २०० सिरिजका समान दुई जहाज तथा 'ड्यास एट' दुई गरी जम्मा छ वटा जहाज छन् ।

समान तीन उडान पाएको सीता र समिट तथा सीम्रिक एयरले दुई वटा उडान गर्ने अनुमति पाएका छन् । सौर्य एयरलाइन्सको जहाज ग्राउण्डेड रहेकाले उडानको यकिन भएको छैन । विमानस्थलमा प्रतिघण्टा ३५० यात्रुलाई मात्र उडान गर्ने प्राधिकरण र वायुसेवा प्रदायकबीच सहमति भएको छ । यो व्यवस्था भदौको पहिलो हप्ताका लागि लागू गर्ने र सोको आधारमा पुनः भदौ ५ गते बैठक बसी निर्णय हुने प्राधिकरणले जनाएको छ। पहिलो हप्ता बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म उडानका लागि समय निर्धारण गर्ने सहमति भएको छ ।

वायुसेवा कम्पनीले उडान सञ्चालनको तयारी तीव्र पारिरहँदा अझै उडान हुने होकी भन्ने यकिन भएको छैन। काठमाडौं उपत्यकामा दैनिक कोभिड-१९ सङ्क्रमणका बिरामी बढिरहेकाले पुनः लकडाउन हुनसक्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चेतावनी दिएको छ। विज्ञहरूको सुझावलाई लिएर सरकारले कोभिड सङ्क्रमण नियन्त्रणका लागि पुनः सवारी साधनको जोर बिजोर प्रणाली लागू गर्नसक्ने बताइएको छ । सोही सम्भावित अवस्थालाई ध्यानमा राख्दै हवाई कम्पनीले पाँच महिनापछि शुरु हुन लागेको हवाई उडान प्रभावित हुनसक्ने आशङ्का गरेका छन् ।

सार्वजनिक यातायात पूर्ण सञ्चालनमा नआउँदा हवाई उडानलाई समेत असर पर्ने उनीहरूको बुझाइ छ । ट्रङ्क रुटमा मुख्यगरी विराटनगर, सिमरालगायत गन्तव्यमा अवरोध कायमै रहेको तथा नेपालगञ्जसहित अन्य विमानस्थलमा पनि समस्या आउनसक्ने भएकाले शुरुआती व्यावसायिक उडान सञ्चालनमा कठिनाइ हुनसक्ने सङ्घका प्रवक्ता शर्माले बताए ।

श्री एयरलाइन्सका संस्थागत प्रबन्धक मानन्धरले एयरलाइन्सले उडान तयारी गरे पनि आगामी दिनको अवस्था कस्तो हुने भन्ने अन्योल रहेको बताए । कम्पनीले आफ्ना जहाज जाने मुख्य गन्तव्यमा अवरोध रहेकाले पोखरा गन्तव्यमा मात्रै उडान हुनसक्ने जनाएको छ ।

आन्तरिक उडानमा १० हेलिकप्टर कम्पनीसहित १९ वायुसेवा प्रदायक कम्पनीले उडान गर्दै आएका छन् । नियमित उडानमा ३४ हेलिकप्टर र ४६ जहाज छन् । आन्तरिकमा दैनिक ३५० भन्दा बढी उडान हुँदै आएको थियो ।

# यातायात कार्यालयले चालक अनुमतिपत्र वितरण नगर्ने




**काठमाडौं/मस**– काठमाडौं उपत्यकाका चारवटै यातायात व्यवस्था कार्यालयले आइतबारदेखि चालक अनुमतिपत्र वितरण कार्य रोकेका छन्। सेवाग्राहीको अत्यधिक भीडका कारण कार्यालयले तत्कालका लागि सेवा स्थगित गरेको जनाएका हुन्।

कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि सरकारले सामाजिक दूरी कायम गर्न भने पनि सेवाग्राहीको अत्यधिक भीडका कारण त्यो कायम हुन सकेको थिएन । कार्यालयले असारदेखि सेवा दिँदै आएकामा कार्यालयमा सेवाग्राहीको घुइँचो हुने गरेको थियो । कार्यालयमा अत्यधिक भीडका कारण खटिएका चार सुरक्षाकर्मीलाई पनि भीड नियन्त्रण गर्न गारो भएको एकान्तकुनास्थित कार्यालयका प्रमुख डम्मरबहादुर कार्कीले बताए ।

उहाँका अनुसार काठमाडौं उपत्यकामा सङ्क्रमण बढिरहेकाले यहाँसँगै जगाती, सुकेधारा र ठूलोभऱ्याङ गरी चारै कार्यालयले अहिलेको अवस्थामा सेवा बन्द गरेका छन् । उनले भने, "उपत्यकामा कोभिड कम नभएसम्म तत्काल सञ्चालन गर्ने अवस्था छैन ।" कार्यालयले नयाँ चालक अनुमतिपत्रका लागि परीक्षा लिने, अनुमतिपत्र वितरण र नवीकरण गर्दै आएको थियो । त्यसमध्ये कार्यालयले बन्दाबन्दीपछि नयाँ चालक अनुमतिपत्रका लागि परीक्षा लिएको छैन ।

अनुमतिपत्र नवीकरण भइरहे पनि वितरणको काम पनि तत्कालका लागि रोकिएको हो । चालकले यसअघि जसरी नै अझै केही समयका लागि कार्यालयले दिएको राजश्व तिरेको कागजबाटै सवारी साधन चलाउनुपर्ने उहाँको भनाइ छ ।

नवीकरणका लागि पनि आउने सेवाग्राहीको भीड नहोस् भनी टोकन प्रणाली लागू गरिएको छ । कुपन लिएका दैनिक २५० सेवाग्राहीको नवीकरण भइरहेको छ। उनले भने,"सामान्य अवस्थामा ५०० को नवीकरण भएकामा अहिले त्यसको आधा गरिएको हो।"


# राजश्व अधिकृत घुस लिएको अभियोगमा पक्राउ


नियन्त्रणमा लिएको कार्यालयका प्रमुख भीष्मराज भुसालले

**काठमाडौं/मस**–आन्तरिक राजश्व कार्यालय बुटवलका प्रमुख अनुसन्धान अधिकृत विजय रानालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलले आज नियन्त्रणमा लिएको छ । बुटवल-१३ बुद्धचोकमा कपिलवस्तुका गुट्खा व्यापारी अनिलकुमार झासँग घुसबापत रु दुई लाख लेनदेन गर्दै गरेको अभियोगमा प्रमुख रानालाई आयोग बुटवलको टोलीले नियन्त्रणमा लिएको कार्यालयका प्रमुख भीष्मराज भुसालले जानकारी दिए ।


रानालाई व्यापारीसँग महिनामहिनामा पैसा लिने गरेको भन्ने सूचनाका आधारमा अनुसन्धान गर्ने क्रममा आज बिहान १०.३० बजे पक्राउ गरिएको बताइएको छ । यसअघि सोमबार स्रोत नखुलेको रकमसहित बाँके राष्ट्रिय निकुञ्जका दुई कर्मचारीलाई रु आठ लाख ९८ हजारसहित आयोगले पक्राउ गरेको थियो ।

# विद्युत महशुलवापत २१ करोड संकलन




**काठमाडौं/मस**–नेपाल विद्युत प्राधिकरण गैंडाकोट प्रशाखाले आर्थिक वर्ष २०७६/७७ मा विद्युत महसुल वापत रु २१ करोड तीन लाख ७२ हजार ३१० सङ्कलन गरेको छ। नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को नेपाल विद्युत प्राधिकरण गैंडाकोट प्रशाखाले ९७ प्रतिशत सफलता प्राप्त गरेको जनाएको छ। प्रशाखा प्रमुख सुजन रिजालका अनुसार कूल दुई करोड २२ लाख १५ हजार ६२३ युनिट विद्युत बिक्रीबाट कार्यालयले सो रकम आम्दानी गरेको हो । कार्यालयले बिक्री गरेको विद्युत मध्ये घरायसी ग्राहकतर्फ एक करोड तीन लाख ६९ हजार ४५१ युनिट विद्युत् बिक्रीबाट रु नौ करोड २४ लाख ६४ हजार आम्दानी गरेको रिजालले बताए। कार्यालयले असार महिनामा मात्रै विद्युत महसुल वापत रु दुई करोड ६५ लाख ३९ हजार ८३ संकलन गरेको छ । गैंडाकोटमा बर्सेनि नयाँ ग्राहक थपिने क्रम बढ्दै गइरहेको छ। गत आर्थिक वर्ष २०७६/७७ मा मात्रै गैंडाकोटका नौ वडामा गरी ५३३ नयाँ ग्राहक थपिएका कार्यालय प्रमुख रिजालले बताए । प्रशाखासँग अहिले १० हजारभन्दा बढी ग्राहक रहेको भन्दै आफूहरुको कार्यालयलाई प्रशाखाबाट स्तरोन्नति गरी शाखा बनाउने तयारी भइरहेको रिजालले बताए । गैंडाकोट नगरपालिकाका १८ वटै वडाको विद्युत महसुल गैंडाकोटमा बुझाउनुपर्ने गरी शाखा बनाउने उनले बताए। हाल गैंडाकोटका वडा नं १० देखि १८ सम्मको विद्युत महसुल कावासोती वितरण केन्द्रमा बुझाइँदै आएको छ । कार्यालय स्थापनादेखि अन्य पूर्वाधार निर्माणका लागि पर्याप्त जग्गा अभावका कारण गैंडाकोट प्रशाखालाई शाखामा स्तरोन्नति गर्न समस्या परेको रिजालको भनाइ छ। नेपाल विद्युत प्राधिकरण गैंडाकोट प्रशाखाले आर्थिक वर्ष २०७६/७७ मा ३६३ ग्राहकको विद्युत लाइन काटेको छ। तीन महिनाभन्दा बढी समयको विद्युत महसुल भुक्तानी नगर्ने तथा रु पाँच हजारभन्दा बढी बक्यौता तिर्न बाँकी रहेका ग्राहकको विद्युत् लाइन काटिएको कार्यालय प्रमुख रिजालले जानकारी दिए । विद्युत लाइन काटिएका ग्राहकबाट रु ४७ लाख ६० हजार बराबरको रकम उठाउन बाँकी रहेको उनले बताए। आर्थिक वर्ष २०७६/७७ मा गैंडाकोट प्रशाखाको कार्यक्षेत्रभित्र २० जनाले विद्युत चोरेर प्रयोग गरेकाले उनीहरुलाई कारवाही गरिएको कार्यालयले जनाएको छ। उनीहरूबाट रु एक लाख ५० हजार जरिवाना संकलन गरिएको कार्यालय प्रमुख रिजालले जानकारी दिए ।

# मकवानपुर राजस्व कार्यालयले कमायो ४ अर्ब ६८ करोड




**काठमाडौं/मस**–आन्तरिक राजस्व कार्यालय मकवानपुरले आर्थिक वर्ष २०७६/०७७ मा रु. चार अर्ब ६८ करोड ७२ लाख ८० हजार राजस्व असुली गरेको छ ।

यो आर्थिक वर्ष २०७४/०७५ को तुलनामा करीब १० प्रतिशतले वृद्धि भएको हो । आर्थिक वर्ष २०७४/०७५ चार अर्ब २२ करोड ४३ लाख ४८ हजार राजस्व असुली गरेको आन्तरिक राजश्व कार्यालय मकवानपुरका प्रमुख अधिकृत सन्तबहादुर ढकालले बताए ।

कार्यालयका अनुसार सङ्कलित राजस्वमध्ये अन्तः शुल्कतर्फ रु. दुई अर्ब ५२ करोड १६ लाख १० हजार, मूल्य अभिवृद्धि करतर्फ रु. एक अर्ब दुई करोड ९५ लाख ६६ हजार र आयकरतर्फ रु ८९ करोड ६० लाख ६८ हजार रहेको छ ।

त्यसैगरी सो कार्यालयको वार्षिक राजश्व असुली गर्ने लक्ष्यअनुसार घरबहाल कर सम्बन्धमा प्रदेश सरकारको नयाँ नियमावलीअनुसार स्थानीय निकायले नै आफ्नो नगरको घर बहाल कर असुली गर्ने गरेकाले यस वर्षदेखि सरकारको राजश्व ढुकुटीमा सङ्कलन नभएको सो कार्यालयको सूचना अधिकृत हरेराम ढकालले जानकारी दिए ।







प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**